# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकास शारीरिक, क्रियात्मक, मानसिक, सामाजिक, संवेगात्मक पक्षमा आउने प्रगतिमूलक परिवर्तन हो । त्यसैले विकास गुणात्मक पक्षसँग सम्वन्धित छ । प्रारम्भिक बाल्यवस्थाको विकास भन्नाले २ देखि ६ वर्षसम्मको अवस्थालाई चिनिन्छ । यस उमेरका बालबालिकाहरू विशेष गरी खेलौनासँग रमाउने, जिज्ञासा र अरुको नक्कल गर्ने स्वाभावका हुन्छन् । साथै यसका अलावा नयाँ साथी बनाउने, अनुसरण गर्ने, सृजना गर्ने, खेल खेल्ने र विद्यालय समेत जाने भएकोले यस अवस्थालाई पूर्व उमेर समूह र विद्यालय उमेर भनेर पनि चिनिन्छ । त्यसैले यस उमेरका बालबालिकाहरूलाई अभिभावक, शिक्षक, सहयोगी कार्यकर्ता, स्वयंसेवक सबैले आवश्यक सहयोग गरी शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक क्षमताको विकास गराउनु बालविकासको प्रमूख उद्देश्य हो (ढुङ्गाना, २०६३ बाट उद्धृत) ।

यसरी बालबालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गरी उनीहरूलाई आफ्नो स्वास्थ्य तथा सुरक्षासंग सम्वन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वावलम्बी सीपहरू हाँसिल गराउन बालविकास पाठ्यक्रमको जोड रहेको छ । अर्को शब्दमा भन्ने हो भने यस पाठ्यक्रमको मूख्य कार्य नै बालबालिकालाई आफूप्रतिको आत्मविश्वास जगाउन परिवर्तित समाज र अन्य व्यक्तिहरूप्रति सकरात्मक सोच विकास गर्न चुनौती, बाधा र सफलतामा संवेगात्मक सन्तुलन कायम गर्न मद्दत पुऱ्याउनुका साथै सामाजिक व्यावहारिक मूल्य-मान्यताको आधारमा व्यावहारिक र सिकाइ सीप प्रदान गरी उनीहरूमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गर्नु हो (पौडेल, २०६६)।

विविध किसिमको मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापको माध्यम द्वारा ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालय जानका लागि तयार गराउनु यसको मूख्य उद्देश्य हो । उपरोक्त उद्देश्य प्राप्तिका लागि बालाबालिकाहरूलाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने, उनीहरूलाई सर-सफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न प्रेरित गर्ने,

उनीहरूलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने, उनीहरूलाई प्राथमिक शिक्षाका लागि तयार गराउने, उनीहरूमा विश्वास र सुरक्षाको भावना जागृत गराउने लक्ष्य लिएको छ (कोइराला,२०६२) ।

प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्त्वपूर्ण प्रभाव पार्दछ । गर्भ देखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरू पूर्ण मानव बन्न सक्दछन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव हुन्छ । यसका लागि प्रारम्भिक बालविकास केन्द्रको प्रमुख भूमिका रहन्छ । हाम्रो परिप्रेक्ष्यमा तीन देखि ५ वर्षका बालबालिकाहरूलाई मात्र प्रारम्भिक बालविकास केन्द्रमा राखि उनीहरूलाई स्वतन्त्र रुपले खेलको माध्यमबाट शिक्षा दिने प्रयास गरिएको छ (ढुँगाना, २०६३ बाट उदृत्) ।

बालविकास कार्यक्रम अन्तर्गत बालविकास केन्द्र व्यवस्थापनको अवस्थाले बालबालिकाहरू रमाइलो साथ अध्ययन गर्ने वातावरणमा प्रभाव पारिरहेको पाइन्छ । व्यवस्थापनको अवस्था राम्रो रहेका बालविकास केन्द्रहरूको तुलनामा व्यवस्थापनको अवस्था कमजोर रहेको केन्द्रहरूको सिकाइ उपलब्धी कम हुन्छ । बालविकास कार्यक्रम अन्तर्गतको बालविकास केन्द्रमा कक्षा भित्र र कक्षा बाहिर गरिने खालका क्रियाकलापहरू गराउनु पर्दछ । यी क्रियाकलापहरू बालबालिकाहरूलाई नयाँ-नयाँ कुराको खोजी गर्ने र आफ्नो वातावरण सम्बन्धी जानकारी लिन स्वाभाविक स्थितिको वातावरण बनाई कक्षाकोठा व्यवस्थापन गरी स्वतन्त्र रुपले सिक्ने र सुरक्षाको अनुभूति दिने खालको व्यवस्था गर्नु पर्दछ । (नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, २०५९) ।

तीन बर्षदेखि पाँच बर्षसम्मका बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, धारणा पूर्वप्राथमिक शिक्षा हो । यसलाई हाल नर्सरी शिक्षा, शिशु शिक्षा, के.जी.(किण्डर गार्टेन) वा बालविकास कार्यक्रम, बालशिक्षा जस्ता नामले चिनिन्छ । प्रारम्भिक बाल्यवस्थालाई मानवीय क्षमताको विकासको एक महत्त्वपूर्ण अंगको रुपमा लिइन्छ । यस अवस्थाका बालबालिकाहरूको सर्वाङ्गीण (शारीरिक, सामाजिक, बौद्धिक एवं संवेगात्मक) विकासमा सहयोग पुऱ्याउँछ (ढुँगाना, २०६३ बाट उदृत) ।

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्व-प्राथमिक शिक्षाको औपचारिक थालनी सरकारी स्तरमा वि.सं. २००७ सालमा काठमाण्डौंमा एउटा मण्टेश्वरी स्कुलको स्थापनाबाट भएको मानिन्छ। वि.सं २०२० सालमा उक्त स्कुल तत्कालिन डेमोन्स्ट्रेसन स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना बालबालिकाहरूका लागि वि.सं. २०११ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजेको देखिन्छ। यस सन्दर्भमा २०२२ सालदेखि बाल मन्दिर स्थापना भई जिल्ला सदरमुकामहरूमा शिशुकक्षा सम्वन्धी कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ। (जोशी, २०५४)।

२०५६ सालमा शिक्षा विभागको स्थापना भए पश्चात शिशुकक्षाहरू समुदायमुलक बालविकास केन्द्रका रुपमा सञ्चालन हुन थाले, त्यसपछि शिक्षा विभागले प्रत्येक वर्ष कोटा बृद्धि गर्दै लैजाने क्रम जारीरहेकै बखत वि.स. २०६३ मा बालविकास केन्द्रलाई विद्यालयमा गाभ्ने नीति नेपाल सरकारले लागूगरेको थियो। बालविकास केन्द्रहरू बिस्तार गर्ने क्रममा २०७० सालसम्ममा नेपालमा जम्मा ३४,१७४ बालविकास केन्द्रहरू सञ्चालन भइरहेको पाइन्छ भने ती मध्ये २९,२७३ विद्यालयमा आधारित पूर्व प्राथमिक विद्यालयको रुपमा सञ्चालन भईरहेका छन् र ४९०१ निजी स्तरमा समुदायमा आधारित भई सञ्चालित भईरहेका छन्। यसको खुद भर्नादर ७३.७% मध्ये ७३.१% छात्रा र ७४.३% छात्रहरूको रहेको छ। यसरी बालविकास केन्द्रहरू बृद्धि भइरहेको अवस्थामा स्वतन्त्र रुपमा खेल तथा क्रियाकलापको माध्यमबाट बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक पक्षको विकास गरी उमेरअनुसारको ज्ञान,सीप प्रदान गर्न केन्द्रहरू सञ्चालन भैरहेकाछन् (नेपाल सरकार, २०६९)।

नेपालमा गठित विभिन्न शिक्षा सम्वन्धी समिति, आयोग तथा योजनाहरूले पनि पूर्व प्राथमिक शिक्षालाई परिभाषित गर्दै सञ्चालनका लागि सुझाव प्रस्तुत गर्दै आएका छन्। सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष ननाघेका बालबालिकाहरूलाई प्रत्येक टोल र गाँउमा १/१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएका बालउद्यान स्थापना गर्न, पूर्व प्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्ने सुझाव पेश गरेको थियो भने पूर्व प्राथमिक शिक्षाको औपचारिक परिभाषाको सन्दर्भमा शिक्षा ऐन २०२८ ले ३ वर्ष उमेर पुगेका तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूलाई दिइने शिक्षालाई परिभाषित गरेको छ। यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले ४ वर्ष पुगेका बालबालिकाहरूको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्ष पूर्व-प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ। उच्चस्तरीय कार्य समिति २०५८ को प्रतिवेदनमा शिशु विकास कार्यक्रम २

वर्षको हुनुपर्ने, त्यस्तो कार्यक्रम सञ्चालन, रेखदेख र व्यवस्थापनको दायित्व गाँउविकास समिति वा नगरपालिकाको हुनुपर्ने र त्यसको लागि सरकारले एकमुष्ट रकम अनुदान दिनुपर्ने कुरा उल्लेख गरिएको छ (सेरिड, २०५९) ।

बालविकास केन्द्रको आवश्यकता र महत्त्व परिवर्तित समय र चिन्तनले गर्दा दिनानु दिन बढ्दै गएको छ । विज्ञान र प्रविधिको विकाससँगै बाल मनोविज्ञान पनि नयाँ सोच र चिन्तनकोसाथ विकास हुँदै आएको पाइन्छ । बालबालिकाको संवेगात्मक विकासलाई परिस्कृत गर्न पनि बालविकास केन्द्रको उचित व्यवस्थापनको सान्दर्भिकता उत्तिकै देखिन्छ ।

यसरी पराजुली, जोशी एवम ढुँगानाहरूले पनि बालबालिकाहरूको चौतर्फी विकासका लागि पूर्व प्राथमिक विद्यालयहरूको स्थापना गरी उनीहरूलाई सरिक गराउन सकेमा उनीहरूको भविष्य उज्वल हुने कुरा व्यक्त गरेका छन् । यसैको आधारमा पनि आजकल प्रभावकारी शिक्षण गर्न बालबालिकाहरूलाई उत्प्रेरित गरी विद्यालयको भर्नादर बढाउनका लागि समेत यसले सहयोग पुऱ्याएको छ । यसरी भौतिक शैक्षणीक रुपले सम्पन्न व्यवस्थित बालविकास केन्द्रले बालबालिकाहरूको रुची र चाहनाअनुसारको मनोरञ्जनपूर्ण क्रियाकलापहरू समेटिएको बालविकास केन्द्र भएमा ती साना बालबालिका भोलीका होनाहार अग्रज बन्ने थिए भनी स्पष्टसंग भन्न सकिने कुरालाई मध्यनजर गर्दै बालविकास केन्द्रको व्यवस्थापनको अवस्था लेखाजोखा गर्नका लागि यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

बालविकास केन्द्रको कार्यक्रमलाई दृष्टिकोणगत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ । विद्यालयमा आधारित बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा ५ वर्ष मुनीका सबै जातजाति र लिङ्गका बालबालिकाहरूलाई भेदभाव नगरी यस कार्यक्रममा सहभागी हुने समान अवसर रहेको छ । यस कार्यक्रममा भर्ना भई अवधि पूरा गरिसकेका ९०% भन्दा बढी बालबालिकाहरूलाई प्राथमिक शिक्षामा भर्ना गर्ने योजना रहेको पाइन्छ (नेपाल सरकार,२०५८) । यी प्राथमिक तहमा भर्ना हुने बालबालिकाहरूमा त्यसको पाठ्यक्रम पढ्न र बुझ्न सक्ने आधारभूत दक्षता हुने छ र यी बालविकासहरूको पूर्ण विकासको लागि शिक्षा तथा हेरचाह सम्बन्धी आवश्यकता पूरा गर्न उपयुक्त विकासात्मक वातावरण प्राप्त गर्ने अवसर प्रदान गरिनु पर्दछ । ५ वर्ष मुनीका बालबालिकाहरूले अभिभावक तथा समाजबाट उपयुक्त आवश्यकता अनुसार हेरचाह गर्ने र गराउने व्यवस्था मिलाउनु

पर्दछ । उनीहरूको उपयुक्त हेरचाहका लागि पोषणयुक्त खाना, स्वास्थ्य वातावरणको व्यवस्था गर्दै बानीव्यवहारमा हेरचाह, आवश्यक समयमा सुई तथा खोप सेवाहरू उपलब्ध गराउनु पर्दछ । उनीहरूको सर्वाङ्गीण विकासको लागि घरायसी तथा बालविकास केन्द्रको वातावरण असल बनाइनु पर्दछ । पूर्व सूचकहरूको आधारमा अभिभावक तथा सहयोगी कार्यकर्ताले बालबालिकाहरूको, शारीरिक, सामाजिक, बौद्धिक र संवेगात्मक विकासको निरन्तर मूल्याङ्कन गर्ने गर्नुपर्दछ ।

बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू बालबालिकाको हेरचाह गर्न तथा उनीहरूलाई क्रियाकलापमा आधारित शिक्षण पद्धतिद्वारा शैक्षिक खुराक उपलब्ध गराउन सक्षम हुनेछन् । उनीहरूमा बालविकास कार्यक्रमका कक्षाहरूमा आवश्यक पर्ने शैक्षणिक ज्ञान तथा सीपहरू हुनेछन् । स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीको निर्माण र प्रयोग उनीहरूले गर्नेछन् । उनीहरूमा बालबालिकाहरूको स्वास्थ्य, सफाइ तथा अन्य बृद्धि र विकाससँग सम्बन्धित आधारभूत ज्ञान हुनेछ । उनीहरूले अभिभावकहरूसँग कक्षा सञ्चालनसँग सम्बन्धित क्रिया अन्तरक्रिया गर्ने गर्दछन् भनी लक्ष्य लिइएको छ । सहयोगी कार्यकर्तालाई पेशा विकासको अवसर प्रदान गर्ने गरी सहयोगीको रूपमा नियुक्त गर्नका लागि  शुरुआतको क्रममा कक्षा ८ उतीर्ण गरेको प्रमाणपत्रलाई शैक्षिक आधार मानिएको भए पनि हाल एस.एल.सी. पास भएको हुनपर्दछ । उनीहरूलाई बालविकास कार्यक्रम हेरचाह विकासका आधारभूत तथा उच्च कोर्षहरू प्राप्त गर्ने अवसर प्राप्त हुनेछ भनी लक्ष्य राखिएको छ । उनीहरूलाई निरन्तर रूपमा स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, सरकारी तथा गैर सरकारी संस्था र सम्बन्धित विद्यालयका शिक्षकहरूबाट व्यवसायिक तथा प्राविधिक सहयोग हुने आशा गरिएको छ ।

## १.२ समस्याको कथन

२०५६ सालमा शिक्षा विभागको स्थापना भए पश्चात शिशु कक्षाहरू समुदायमुलक बालविकास केन्द्रको रुपमा सञ्चालन हुन थाले त्यसपछि शिक्षा विभागले बालविकास केन्द्रको कोटा बृद्धिगरी २०७० साल सम्ममा ३४,१७४ वटा केन्द्र सञ्चालन गरेको पाईन्छ । ती मध्ये २९,२७३ विद्यालयमा आधारित र ४,९०१ समुदायमा आधारित भई सञ्चालन भइरहेका छन् (नेपाल सकार, २०६९) । यसरी दिनानुदिन बालविकास केन्द्रहरूको बृद्धि भएको अवस्थामा पनि बालविकास केन्द्रको व्यवस्थापनको अवस्था सुदृढ नभएको आसपासका विद्यालय भ्रमणका क्रममा देखेकोले बालबालिकाहरूको कक्षाकोठा व्यवस्थापनमा प्रभाव पारी शैक्षिक गुणस्तर माथि उक्सिन नसकिरहेको अवस्था विद्यामान छ । विद्यालय स्तरबाट सञ्चालन गरिएका बालविकास केन्द्रहरूको भौतिक अवस्था

अन्तर्गत कक्षा कोठाका झ्याल ढोका, फर्निचरहरू, शैक्षिक सामग्रीहरू, खेलकुद सामाग्रीहरूको अवस्था जिर्ण नै रहेको देखिएकोछ । स्थानीय अभिभावकहरूले आफ्ना स-साना ३ देखी ५ वर्ष समूहका बालबालिकाहरूका लागि प्राथमिक कक्षामा सहज रुपमा जानका लागि बानी बसाउने उद्देश्यले अभिप्रेरित भई बालविकास केन्द्रको स्थापना गरेकाछन्, तर उनीहरूसँगको सिमित स्रोत र साधनको कारणले गर्दा व्यवस्थापनलाई मजबुत बनाउन नसकिरहेको अवस्था आफ्नो गाँउमा रहेका विद्यालयका बालविकास केन्द्रहरूमा प्रत्येक्ष देखिएकोछ ।

## १.३ अध्ययनको औचित्य

बालबालिकाहरूको पहिलो पाठशाला भनेको उसको घरपरिवार हो । उनीहरूले घरपरिवारमा आफ्ना आमा बुबाबाट केही कुराहरू सिक्दछन् । त्यसपछि उ विद्यालय जान्छ । र विद्यालयमा घर परिवारबाट सिकेका कुराहरूको प्रयोग गर्न थाल्दछ । बालविकास केन्द्रहरूमा ३ देखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई खासगरीखेल, गीत, मनोरञ्जनको माध्यमबाट उनीहरूको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक पक्षहरूको विकास गर्ने प्रयत्न गरिन्छ । बालमस्तिष्कमा मनोवैज्ञानिक ढंगबाट सर्वाङ्गीण विकास गर्नु विद्यालयको पूर्वाधार बलियो बनाउनु हो । प्रारम्भिक बालविकास शिक्षाको पाठ्क्रमले निर्धारण गरेका सर्वाङ्गीण विकासका सिकाइ उपलब्धीहरू हाँसिल गराउन कार्यान्वयनको तह नै बालविकास केन्द्रको व्यवस्थापन भएकोले यससंग सम्बन्धित तत्त्व र समस्याहरू विश्लेषण गरेर निष्कर्ष दिन तथा विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्थामा अध्ययन गरी भाविदिनमा यससँग सम्बन्धित सरोकारबालाहरूलाई सहयोग पुऱ्याउने भएकाले यस अनुसन्धानको औचित्य रहेकोछ । यस अध्ययनबाट समुदाय तथा विद्यालयमा आधारित बालविकास केन्द्रमा अध्ययनगर्ने ३ देखि ५ वर्ष सम्मका कलिला नानीहरू, तिनको अभिभावकहरूलाई बालविकास केन्द्रमा सहजिकरण गर्ने सहयोगी कार्यकर्ताहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालय, अनुसन्धानकर्ता, शिक्षा मन्त्रालय देखि लिएर शैक्षिक योजनाकार, नीति निर्माताहरूलाई समेत आ-आफ्नो क्षेत्रमा फाइदा पुग्दछ भन्ने आशा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्थाको अध्ययन गर्नु ।

ख) विद्यालयमा बालविकास केन्द्रले शैक्षिक प्रभावकारीता बृद्धिगर्न खेलेको भूमिकाको विश्लेषण गर्नु ।

ग) विद्यालयमा आधारित बालविकास केन्द्रमा देखापरेका समस्याहरू केलाउनु ।

घ) विद्यालयमा आधारित बालविकास केन्द्रमा देखिएका समस्या समाधानका उपायहरूको खोजिगर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार राखिएका छन् ।

क) विद्यालयमा आधारित बालविकास केन्द्रमा पाठ्यक्रमको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) विद्यालयमा आधारित बालिकाविकास केन्द्रको भौतिक अवस्था कस्तो रहेको छ ?

ग) विद्यालयमा आधारित बालविकास केन्द्र व्यवस्थापनको अवस्था कस्तो छ ?

घ) विद्यालयमा आधारित बालविकास केन्द्रको शैक्षणिक व्यवस्थापन उपयुक्त छ कि छैन ?

ङ) विद्यार्थी संख्याअनुसारका डेक्स बेन्च तथा बसाइका साधनहरू पर्याप्त छन् कि छैनन् ?

च) विद्यालयमा आधारित बालविकास केन्द्रमा भर्ना हुन आँउदा र जाँदाको अवस्था कस्तो छ?

छ) विद्यालयमा आधारित बालविकास केन्द्रमा कस्ता समस्याहरू देखिएका छन् ?

ज) विद्यालयमा आधारित बालविकास केन्द्रमा देखिएका समस्याहरूलाई कसरी हल गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

अध्ययनलाई सरल र सहज रुपमा अघि बढाउन समय र स्रोतलाई ध्यानमा राखी प्रस्तुत स्रोतकेन्द्र क्षेत्रभित्र वि.स. २०७० साल सम्ममा स्थापना भई सकेका प्राथमिक तह, निम्न माध्यमिक तह, माध्यमिक तह र उच्च माध्यमिक तह सञ्चालन भएका ६ वटा मात्र विद्यालयसँग सम्बन्धित बालविकास केन्द्रहरूसँग सम्बन्धित भई यस अध्ययनलाई ती केन्द्रको वर्तमान भौतिक र शैक्षिक अवस्था पहिचान गर्न, बालविकास केन्द्रले शैक्षिक उपलब्धी बढाउन खेलेको भूमिकाको अध्ययन गर्न, विद्यालयमा आधारित बालविकास केन्द्रमा देखिएका समस्याहरूको पहिचान गर्न र ती समस्या समाधानका उपायहरू पत्तालगाउने कुरामा यस अध्ययनलाई सिमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस अध्ययनमा अनुसन्धानकर्ताले अध्ययनको उद्देश्य पूरा गर्न विभिन्न सैद्धान्तिक र सम्बन्धित साहित्यहरूको पुनरावलोकन गरिएको थियो । सैद्धान्तिक साहित्यमा विभिन्न सिद्धान्तहरू र सम्बन्धित साहित्यमा सम्बन्धित समस्यासँग मिल्ने अनुसन्धान प्रतिवेदनहरूको पुनरापलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा विभाग (२०६१) को प्रारम्भिक बालविकास कार्यक्रमको भूमिकाको वातावरण शीर्षकमा उल्लेख भएअनुसार बालविकास कार्यक्रम अन्तर्गतको बालविकास केन्द्रमा कक्षा भित्र र कक्षा बाहिर गरीने खालका क्रियाकलापहरू गराउनुपर्छ । यी क्रियाकलापहरू बालबालिकालाई नयाँ नयाँ कुराको खोजी गर्ने र आफ्नो वातावरण सम्वन्धी जानकारी लिन उत्प्रेरित गर्ने किसिमका हुनुपर्दछ । उनीहरूको सिकाइलाई सहज र मनोरञ्जनपूर्ण बनाउनका लागि स्वभाविक स्थितिको वातावरण बनाई स्वतन्त्र रुपले सिक्ने र सुरक्षाको अनुभूति दिने खालको व्यवस्था गर्नु पर्दछ । यसका लागि कक्षाकोठा व्यवस्थापनमा उत्तिकै ध्यान दिनु जरुरी छ । कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी बनाउन सके शिक्षण सिकाइ पनि प्रभावकारी र दिगो बनाउन सकिन्छ ।

शिक्षा विभाग (२०६१) प्रारम्भिक बालविकास कार्यक्रमको भूमिकाको वातावरणले विद्यालयद्वारा सञ्चालित बालविकास केन्द्रको भौतिक तथा शैक्षिक व्यवस्थापनको पक्षमा समेत ध्यान पुऱ्याउनु पर्ने आवश्यकता उल्लेख गरेको छ । समुदायका धेरैजसो बालबालिकाहरू विद्यालयमा आधारित बालविकास केन्द्रमा आउने गरेको पाइन्छ । राज्यको लक्ष्य पनि सबै बालबालिका बालविकास केन्द्रको अनुभव सहित विद्यालयमा भर्ना गर्ने र त्यसोभए राष्ट्रको शिक्षामा गरेको लगानी पनि खेर नजाने परिकल्पना गरेको पाइन्छ । शिक्षा नियामावली २०५९ को आठौं संसोधनको नियम ६८(१) ले भने अनुसार कोठाभित्र गरिने विभिन्न क्रियाकलापहरूका लागि फराकिलो, हावा खेल्ने, पर्याप्त रुपमा उज्यालो देखिने कोठाको आवश्यकता पर्दछ । कोठाभित्रको स्थानलाई बालबालिकाहरू बसाउन, आराम गर्न, सिकेको कुराहरू व्यवस्थापन गर्न र उनीहरूलाई विभिन्न क्रियाकलापहरूमा व्यस्त राख्न उपयोग गरिन्छ । प्रारम्भिक बालविकास केन्द्रको लागि लगभग ७२ वर्ग मि. (सालाखाला ६ मि. चौडाई १२ मि. लम्वाई) भएको स्तरीय आकारको कोठा वा हल हुनुपर्ने सुझाव गरिएको छ । बालविकास केन्द्रको कोठामा उपयुक्त विछ्यौना, प्रर्याप्त संख्यामा बालमैत्री फर्निचर वा चकटीहरू, सिकाइ सामग्रीहरू, दराज र प्रदर्शन बोर्डहरू हुनुपर्दछ ।

मल्ल (२०५४) ले शोधपत्रमा उल्लेख गरे अनुसार बाल्यवस्था भनेको मानव बृद्धि विकासको कस्तो अवस्था हो ? यो अवस्थाका बालबालिकामा विकासको महत्त्व र आवश्यकता किन पर्दछ ? कस्तो खालको शिक्षा र स्याहारको आवश्यक पर्दछ ? भन्ने कुरालाई प्रष्ट पार्दै प्रारम्भिक बाल्यावस्थालाई के-कस्ता क्रियाकलापमा संलग्न गराउनु पर्दछ भन्ने सैद्धान्तिक अवधारणाहरू प्रस्तुत गरेको छ । तसर्थ यस्ता बालबालिकाहरूमा सामाजिक, बौद्धिक, शारीरिक, भाषिक, संवेगात्मक पक्षको विकासका लागि अभिभावक , शिक्षक, सहयोगी कार्यकर्ता तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले के-कस्तो भूमिका निर्वाह गर्नुपर्छ ? भन्ने कुरालाई प्रष्ट पार्नु भएको छ । यसैगरी शिक्षण विधिमा भौतिक व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । सामग्रीको रुपमा इन्द्रिय प्रशिक्षण सम्बन्धी कममूल्यका श्रव्यदृश्य सामग्रीको प्रयोग गर्नुपर्ने तथा बालकेन्द्रित शिक्षण र कथा-कथन विधिको प्रयोग गरी चौतर्फी विकासमा सहयोग पुऱ्याउँन सकिने कुरा उल्लेख गरिएको छ ।

श्रेष्ठ (२०५७) का अनुसार यस अध्ययनको प्राप्तिहरूमा समुदायमा आधारित बालविकास केन्द्रहरूमा आपसमा भेला हुने, एवं जमिन, श्रमदान, भौतिक सामाग्रीहरू प्रदान गर्ने सन्दर्भमा समुदाय, अभिभावक  र बालविकास केन्द्र बिच राम्रो सम्बन्ध भएको तर विद्यालयमा आधारित बालविकास केन्द्रको समुदाय र अभिभावकसँग घनिष्ट सम्बन्ध स्थापित हुन नसकेको, विद्यालयमा आधारित बालविकास केन्द्रहरूको बाहिरी वातावरण (हाताबेरा, खेलमैदान, शौचालय, पिउने पानी) समुदायमा आधारित बालविकास केन्द्रहरूको भन्दा राम्रो रहेको तर कक्षा कोठाको भित्री वातावरण ( बस्नेठाउँ, बस्ने सामग्री, क्रियाकलाप सञ्चालन) भने समुदायमा आधारित बालविकास केन्द्रहरूको राम्रो देखिएको उल्लेख गरिएको छ । समुदायमा आधारित बालविकास केन्द्रहरूमा खेलविधि र बालकेन्द्रित विधिमा क्रियाकलापहरू सञ्चालन हुने गरेका तर विद्यालयमा आधारित बालविकास केन्द्रहरूमा प्राथमिक विद्यालयका कक्षामा जस्तै विषय शिक्षणमा जोड दिएको पाइन्छ ।

विष्ट (२०५०) का अनुसार कक्षा व्यवस्थापनको मुख्य उद्देश्य भनेको कक्षालाई बालमैत्री तथा रमाइलो र सिकाइ अनुकूल पार्नु हो । त्यस्तै विद्यार्थीको बसाई, फर्निचर व्यवस्थापन, कक्षा कोठाको शैक्षिक सामग्रीको व्यवस्थापन र कक्षाको कार्य प्रणालीको व्यवस्थापन, कक्षा व्यवस्थापनका आवश्यक तत्त्वहरू हुन् ।

ढुङ्गाना (२०६३) का अनुसार अध्ययनको प्राप्तिमा ६०% बालविकास केन्द्रको मात्र आफ्नै भवन भएको आधारभूत शैक्षिक सामग्रीहरू सबै बालविकास केन्द्रहरूमा रहेको तर पर्याप्त मात्रामा खेल सामग्रीहरू, खेल मैदान र शौचालयको पर्याप्तता सबैमा नरहेको, बालविकासकेन्द्र व्यवस्थापन

समितिलाई व्यवस्थापकीय तालिम नदिइएको, सबै बालविकास केन्द्रहरूमा मेशिनरी, श्रव्य-दृष्य, शैक्षिक सामग्रीको अभाव रहेको उल्लेख छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले पूर्व प्राथमिक शिक्षालाई पुस्तकीय ज्ञान भन्दा कार्यपरक बनाइनुपर्ने, बालविकास तथा बालशिक्षाका सिद्धान्त र पद्दतिलाई ध्यानमा राखी पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम, सामाजिक तथा साँस्कृतिक परिवेश अनुरुप बनाइनुपर्ने , पूर्व प्राथमिक विद्यालयहरूले अभिभावकहरूबाट उचित शुल्कलिई बालबालिकाहरूका लागि आवश्यक खेलकुदका सामग्री, पाठ्य सामग्री तथा श्रव्य-दृष्य सामग्रीहरूको व्यवस्था मिलाउनु पर्ने सुझावहरू दिइएको थियो ।

## २.२ सैद्धान्तिक खाका

रुसो (१७२८) का अनुसार मानिसमा रहेका जन्मजात गुणहरूको स्वच्छन्द रूपमा विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । मानिस स्वभावैले असल हुन्छ तर उसलाई समाजले दुषित पार्दछ । त्यसैले प्रकृतिको काखमा बालकको स्वभाव अनुकूलको शिक्षा दिनु पर्दछ भन्ने उनको धारणा थियो । उनको विचार अनुसार पहिलो ५ वर्षको उमेरमा किताबी ज्ञानले बालकको स्वच्छन्द विचारलाई दुषित पार्ने हुँदा अवसर उपलब्ध गराई बालबालिकाहरूको ज्ञानेन्द्रियहरूको स्वभाविक विकास गराउनु पर्दछ । रुसोले यस उमेरका बालबालिकाहरूको शारीरिक विकासमा अत्याधिक जोड दिएको पाइन्छ । कमजोर बालबालिकालाई सशक्त र बलियो बनायो भने उ असल हुन्छ । यसका लागि प्रसस्त अभ्यासहरू गराई रहनु पर्दछ । शारीरिक विकासका लागि सहायक हुने खालका जनुसुकै खेलहरूलाई पनि उनले प्रोत्साहन दिएको हुँदा बालबालिकाको सर्वाङ्गीण विकासको लागि खेल विधिमा जोड दिएको पाइन्छ (ढुङ्गाना, २०६३ बाट उदृत्) ।

फ्रोवेल (१९८२) ले  शैक्षिक व्यवस्थापनका लागि किन्डर गार्टेन विधि प्रतिपादन गरेका छन् । जसअनुसार बालबालिकाहरू बगैँचामा फुल्ने कोमल र सुन्दर फूलहरू जस्तै हुन् र शिक्षक त्यस बगैँचाको रेखदेख गर्नेमालि हुन् । शिक्षकले बालकरुपी फूलहरूलाई स्याहार, संहार, मलजल, गोडमेल गरेर हुर्काउनु पर्दछ अर्थात् स्वतन्त्ररुपमा उनीहरूलाई सिक्ने अवसर दिनु पर्दछ । जुन खेल विधिमा आधारित छ । उनको यो भनाईअनुसार बालबालिकाहरूले आफूलाई चाहिने सम्पूर्ण कुराहरू खेलमै सिक्दछन् । यसका लागि उनले ७ वटा उपहारहरूको व्यवस्था गरेका छन्, जसको मनोवैज्ञानिक महत्त्व छ । ति ७ वटा उपहारका सामग्रीहरूमा विभिन्न रङ्गका बलहरू, गोला, घन, बेलनाकार, घनाकार, काठका टुक्राहरू, तीनकुने काठका टुक्राहरू समावेश छन् । यस्ता साधनहरूको प्रयोगबाट छोयर, हेरेर, आकार, प्रवृति, सतह, संख्याको धारणा दिन सकिन्छ (खत्री, २०६७ बाट उदृत्)।

उनको यो पद्धति गरेर सिक्ने सिद्धान्तमा आधारित छ । फ्रोवेल, (१८२७) का अनुसार आत्मा क्रियाकलाप मार्फत बालबालिकाहरूको अन्तरनिहित जन्मजात गुणहरूको प्रष्फुटन गराउनु पर्दछ । आत्म क्रियाकलापहरू अन्तर्गत शरीरको चाल, हाउभाउ, खेल, गीत, रङ्गहरूको प्रयोग, कथा, पेन्टीङ्ग, पर्दछन् ।

फ्रोवेल विशेषगरी प्रकृतिबादी दार्शनिक हुन् । उनकाअनुसार शिक्षाको प्रमुख लक्ष्य सद्‌गुण सम्पन्न सदाचारी जीवनको प्राप्ति गराउनु हो, प्रकृतिका सम्पूर्ण चीजवस्तुहरूका बारेमा आन्तरिक सम्बन्ध हुन्छ । अतः व्यक्तिलाई त्यो सम्बन्ध कायम गराउन योग्य र क्षमतावान बनाउनु शिक्षाको लक्ष्य हुन्छ । उनको शिक्षाप्रतिको महत्त्वपूर्ण योगदान नै (किण्डर गार्टेन) विद्यालयको व्यवस्थापन र शिक्षण विधि हो । उनले प्रकृतिका बरदानका रुपमा रहेका बालबालिकाहरूलाई स्वतन्त्र रुपले बिना हस्तक्षेप सिकाउनु पदर्छ भनेका छन् । शिक्षण पूर्णरुपमा बालकेन्द्रित हुनु पर्दछ । शिक्षण विद्यार्थी क्रियाकलापमा आधारित हुनुपर्दछ भन्ने उनको शैक्षिक योगदान हो । विद्यार्थीलाई सिकाइका लागि कक्षाकोठा व्यवस्थापनले समेत असर पुऱ्याईरहेको हुन्छ । त्यसकारण यसको व्यवस्थापन पक्षमा समेत ध्यान दिनु जरुरी छ भन्ने उनको तर्क छ । (ढुङ्गाना, २०६३) ।

मन्टेश्वरी (१९०७) का अनुसार शिक्षा भन्नु विकास हो । विकास बालबालिकाहरूको मनभित्रबाट आउनु पर्दछ । बालबालिकाहरूको जन्मजात गुणहरूलाई पूर्णरुप दिनु नै शिक्षा हो । बालबालिका जन्मिएको बेला उनीहरूको आन्तरिक स्वरुप स्वतन्त्र वातावरणमा मात्र प्रस्फूटन हुन सदक्छ । यसकारण बालबालिकाहरूको लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । मन्टेश्वरीको बिचारमा स्वतन्त्रता बालबालिकाहरूको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरू आत्म निर्भर हुने कोशिस गर्दछन् । प्रत्येक व्यक्तिका आफ्नै विशेषताहरू हुन्छन्, जसको व्यक्तित्त्व एक अर्कासँग भिन्न हुन्छ । कक्षा शिक्षण वा सामुहिक शिक्षणबाट उसको व्यक्तित्त्वलाई लत्याउनु हुँदैन । उनीहरूको इच्छाअनुसार स्वतन्त्रता पूर्वक विकास गर्ने मौका दिएमा उनीहरूले आफ्ना अन्तर्निहित गुणहरू आफ्नै ढंगले प्रदर्शन गर्दछन् । त्यसकारण शिक्षकले प्रत्येक बालबालिकाहरूको सर्वपक्ष बारे अत्यन्त गम्भिरता पूर्वक अवलोकन गरी उनीहरूका नैसर्गिक गुणहरू स्वतन्त्रता पूर्वक विकास गर्न उपयुक्त वातावरण तयार गर्नु पर्दछ । यदि शिक्षकले बालबालिकाहरूको सिकाइलाई प्रभाव पार्ने गरी दबाव दिइरहेमा उनीहरूले सिक्न सक्दैनन् । यसैले स्वः शिक्षा सर्वोतम् विधि हो, जसबाट बालबालिकाहरू आफ्नो क्षमताअनुसार आफ्नै ढंगले सिक्दछन् । मण्टेश्वरीले मांशपेशीको तालिमलाई प्रारम्भिक बाल शिक्षाको महत्त्वपूर्ण अङ्गको रुपमा लिएका छन् । शरीरका विभिन्न अङ्गहरूको मांशपेशीलाई अभ्यास गराइ राख्नु पर्दछ । यसो गर्नाले मांशपेशीहरू मजबुत हुन्छन् । जसको

फलस्वरुप हिड्ने, दगुर्ने, खेल्ने, जस्ता क्रियाकलापहरूमा सन्तुलन आउँदछ । ज्ञानेन्द्रियहरू ज्ञानका प्रवेशद्वार हुन् । त्यसैले शैक्षिक प्रक्रियामा ज्ञानेन्द्रियहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सानै उमेरदेखि ज्ञानेन्द्रियहरूले उपयुक्त तालिम पाएमा सिक्ने कार्य सहज, सरल र बलियो हुन्छ । ज्ञानेन्द्रियको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने हुन्छन् । यसकारण सानै उमेर देखि ज्ञानेन्द्रियहरूको तालिम नितान्त आवश्यक हुन्छ । मण्टेश्वरीले प्रारम्भिक बालशिक्षालाई बालगृहको रुपमा लिएकी छिन् । बाल गृहमा घरकै वातावरणको संरचना गरिएको हुन्छ । मण्टेश्वरी स्कुलका भवनहरूमा काम गर्ने कोठा, भान्सा कोठा, स्नान कोठा, कक्षा कोठा, चर्पी, सुत्ने कोठा, फूलबारी, खेलमैदानको व्यवस्था गरिएको हुन्छ । यहाँ बालबालिकाहरूको उमेर सुहाउँदो फर्निचर तथा विभिन्न सामानहरू बनाइएको हुन्छ । दिशापिसाब, नुहाई धुवाई, सरसफाई, बगैंचाको हेरविचार सबै काम बालसमूहले नै गर्दछन् । उपदेशात्मक उपकरणहरू खेलाएर बालबालिकाहरू आफैं सिक्दछन् । उनीहरू आ–आफ्ना रुचिअनुसार कुनै न कुनै क्रियाकलापहरूमा संलग्न हुन्छन् । स्वतन्त्र वातावरणमा बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु मण्टेश्वरी शिक्षाको उद्देश्य हो । यसमा पाठ्क्रम विषय केन्द्रित नभई बालकेन्द्रित हुन्छ (श्रेष्ठ, २०५७ बाट उदृत्)

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

प्रस्तुत सैद्धान्तिक साहित्यको पुनरावलोकनबाट सैद्धान्तिक साहित्य सम्बन्धमा बालविकास कार्यक्रम सम्बन्धी धारणा प्राप्त गर्न सहयोग पुगेको छ । यसको समिक्षाबाट प्रस्तुत शीर्षक अर्न्तगत के कति खोज अनुसन्धान भैसकेका तथ्यहरू प्राप्त भएका छन् र के कति तथ्यहरू बाँकी रहेका छन् भन्ने बारे पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अध्ययनलाई प्रभावकारी र सजिलो बनाउनका लागि विधिहरू निर्धारण गर्नुपर्ने हुन्छ । यस अध्ययनलाई पूरा गर्न विद्यालयमा आधारित बालविकास केन्द्रहरूको वर्तमान अवस्थाको अध्ययन अनुसन्धान तथा विश्लेषणमा निम्नानुसारका अध्ययन विधिको छनौट गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस शोधकार्यलाई पूरा गर्नका लागि मिश्रीत अनुसन्धानात्मक ढाँचा प्रयोग गरिएको छ । अनुसन्धान कार्यमा गुणात्मक र सङ्ख्यात्मक दुबै सर्वे अनुसन्धानको ढाँचामा रहेर अनुसन्धान कार्य पूरा गरिएको छ । प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण तथ्याङ्कीय र शाब्दिक दुवै रुपबाट गरिएकोले उल्लेखित दुबै ढाँचामा सम्पन्न गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुनाको आकार

यस अध्ययनका लागि संखुवासभा जिल्लाको चैनपुर स्रोतकेन्द्र अन्तर्गतका १८ वटा बालविकास केन्द्रहरू जनसंख्याको रुपमा रहेका छन् । त्यसै गरी ती केन्द्रका सहयोगी कार्यकर्ताहरू, विद्यार्थीहरू, अभिभावकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू , विद्यालयका प्रधानाध्यापकहरू र स्रोतव्यक्ति जनसंख्याको रुपमा रहेका छन् ।

१८ ओटा बालविकास केन्द्रहरू मध्ये ६ ओटा बालविकास केन्द्र मात्र छनौट गरिएको छ । जसमध्ये विद्यालयमा आधारित खराङ्गको वडा नं. १, ३, ५, ७, ८ र बानेश्वर गा.वि.स. को वडा नं. ८ मा सञ्चालित बालविकास केन्द्रहरू रहेका छन् । त्यसका लागि प्रत्येक बालविकास केन्द्रबाट २/२ जना अभिभावकहरू, २/ २ जना विद्यार्थीहरू, ती बालकाविकास केन्द्रका ६ जना सहयोगी कार्यकर्ताहरू, ६ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, ६ जना प्रधानाध्यापकहरू र १ जना स्रोतव्यक्तिलाई छनौट गरिएको छ । जसलाई अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ३.२.१ नमूना छनौट विधि

यो अध्ययनका लागि निर्धारित जनसंख्याबाट बालविकास केन्द्र छनौट गर्न नमुना छनौट विधि र सहयोगी कार्यकर्ताहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, अभिभावकहरू, प्रधानाध्यापकहरू, विद्यार्थीहरू र स्रोतव्यक्तिको छनौटमा उद्देश्यपूर्ण विधि प्रयोग गरिएको छ ।

बालविकास केन्द्रहरूको छनौट गर्दा सुगम तथा दुर्गम र गाउँ तथा शहरलाई समेटिएको छ । यसरी नै विद्यालयका उच्च माध्यमिक तह, माध्यमिक तह, निम्न माध्यमिक तह र प्राथमिक तहलाई समेत समेटिएको छ । स्रोतकेन्द्र र स्रोतव्यक्तिको छनौट गर्दा अध्ययनलाई सुलभ तुल्याउने आधारमा छनौट गरिएको छ । यस अध्ययनसँग सम्बन्धित सूचनाहरू तथ्यगत रुपमा छनौट भएका नमूनाहरूबाट प्राप्त गरिएको छ ।

### ३.२.२ नमुना छनौटको आधार

यस अध्ययनका लागि सरकारी अनुदान प्राप्त गरी विद्यालयमा आधारित बालविकास केन्द्रहरूको नमुना छनौट गर्दा प्रा.वि., नि.मा.वि., मा.वि.र उ.मा.वि.गरि चार किसिमको विद्यालयमा आधारित बालविकास केन्द्र पर्ने गरी सुगम र दुर्गम समेट्ने गरी उद्देश्यपूर्ण छनौट विधि प्रयोग गर्दा मात्र अध्ययन पूरा गर्न सकिने भएकोले उत्तरदाताहरूको छनौटमा पनि सोही आधार अनुसरण गरी छनौट गरिएको छ ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका स्रोतहरूको प्रयोग निम्नानुसार गरिएको छ :

#### क) प्राथमिक स्रोत

यस अध्ययनको तथ्याङ्क र जानकारी सङ्कलनका स्रोतहरू मध्येसम्बन्धित व्यक्तिलाई प्रश्नावली पठाई फिर्ता मागिएको छ । यसरी नै कक्षाकोठा अवलोकन फाराम र अन्तर्वार्ता प्रश्नावलीहरूको प्रयोग गरी अनुसन्धानकर्ता स्वयम अध्ययन क्षेत्रमा गई प्राकृतिक अवस्थामा सूचना सङ्कलन गरिएको छ ।

#### ख) द्वितीय स्रोत

विभिन्न शिक्षा सम्बन्धी प्रतिवेदन, शोधपत्र , निर्देशिका, पाठ्यक्रम, सहयोगी कार्यकर्ता निर्देशिका, बालविकास केन्द्रको विद्यालयको अभिलेख, बालविकास केन्द्र वा पूर्वप्राथमिक शिक्षाको पाठ्यक्रमलाई द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन्का साधनहरू

यस अध्ययनका लागि निम्न लिखित अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ ।

### क) प्रश्नावली

१. स्रोत व्यक्तिका लागि प्रश्नावली : बालविकास सम्बन्धी सरकारी दृष्टिकोण, नीति तथा कार्यक्रम र कार्यान्वयनबारेको वर्तमान स्थितिको जानकारी प्राप्त गर्नको लागि स्रोतव्यक्तिका लागि प्रश्नावली प्रयोग गरिएको छ, जसलाई अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

२. प्रधानाध्यापकका लागि प्रश्नावली : विद्यालयमा बालविकास केन्द्र सञ्चालनको वर्तमान अवस्था र यसले विद्यालयमा खेलेको भूमिकाको वर्तमान स्थितिको जानकारी पत्ता लगाउन प्रधानाध्यापकहरूका लागि प्रश्नावली प्रयोग गरिएको छ । जसलाई अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### ख) अन्तर्वार्ता प्रश्नावली

१. सहयोगी कार्यकर्ताको लागि अन्तर्वार्ता प्रश्नावली : विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्थाले सहयोगी कार्यकतालाई पर्न गएको असुविधाका बारेमा समग्र जानकारी प्राप्त गर्न साथै बालबालिकाहरूलाई बसाइ, सिकाइमा पर्नगएको असरको बारेमा प्रत्यक्ष जानकारी प्राप्त गर्न सहयोगी कार्यकर्ताका लागि अनुसुची ४ मा उल्लेख भएअनुसारको अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको छ । यसैबाट बालविकास केन्द्रको समस्याहरू र सहयोगी कार्यकर्ताहरूको अनुभवहरू बारेको सूचना समेत प्राप्त गरिएको छ ।

२. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि अन्तर्वार्ता प्रश्नावली : विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि अनुसुची ५ मा उल्लेख भए अनुसारको अन्तर्वार्ता प्रश्नावली प्रयोग गरिएको छ ।

३. अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली : विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्था, कक्षा कोठा र सिकाइ क्रियाकलाप सम्बन्धी मूल्याङ्कन गर्न अभिभावकहरूका लागि अनुसूची ६ मा उल्लेख भएअनुसार अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको छ ।

४. विद्यार्थीहरूका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली : बालविकास केन्द्रमा आउँदा, घर फर्कदा र कक्षा सञ्चालन भईरहँदा र अन्य विषयमा उनीहरूले अनुभव गरेको वा भोगेको भोगाई सम्बन्धी धारणा बुझ्न विद्यार्थीहरूका लागि अनुसूची ७ मा भए अनुसारको अन्तर्वार्ता प्रश्नावली को प्रयोग गरिएको छ ।

ग) कक्षाकोठा र बालविकास केन्द्रको अवलोकन फाराम

यस अध्ययनमा बालविकास केन्द्रको भौतिक व्यवस्थापनको अवस्थाका अतिरिक्त सहयोगी कार्यकर्ता र बालबालिकाहरूको कक्षा क्रियाकलापहरूको जानकारी प्राप्त गर्न, विद्यार्थी सिकाइको जानकारी प्राप्त गर्न, विद्यालयमा आधारित बालविकास केन्द्रले खेलेको भूमिका पत्ता लगाउन, कक्षा चलिरहेको अवस्था पत्तालगाउनका लागि कक्षाकोठा अवलोकन फाराम अनुसूची ८ र बालविकास केन्द्रको अवलोकन फराम अनुसूची १० को प्रयोग गरिएको छ ।

बालविकास केन्द्रमा प्रयोग भई रहेका भवन, कक्षाकोठा, शैक्षिक सामग्री, खेल सामग्रीहरूलाई तिनीहरूको बनाउन प्रयोग गरेको सामग्री, टिकाउपन, प्रयोग गरिएको अवधि, देखावटी अवस्था र प्रयोग गर्न सकिने अवधिलाई आधार बनाएर ९०% भन्दा बढी असल देखिएकोलाई उच्च, ६० देखि ८९ प्रतिशतसम्म असल देखिएकोलाई मध्यम, ४०-५९ प्रतिशतसम्मलाई सामन्य र ४० प्रतिशत भन्दा कम असल देखिएकोलाई न्यून भनि मापदण्डको निर्धारण गरिएको छ । शोधकर्ता स्वयमले प्रत्यक्ष अवलोकन गरी मूल्याङ्कन गरेकोमा आधारित छ ।

## ३.५ अध्ययनका साधनको वैधता

यस अध्ययनका लागि प्रयोग गरिएको अनुसन्धानका साधनहरूको वैधता कायम गर्नका लागि साधनको तयारीपछि पूर्व अनुसन्धानकर्ताहरू र शोध निर्देशकसँगको छलफल र परामर्शबाट साधनको वैधता स्थापित गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनको तथ्याङ्क सङ्कलन स्रोतव्यक्ति र प्रधानाध्यापकका लागि तयार गरिएको प्रश्नावली पठाइ अध्ययनका क्रममा भराइसके पश्चात फिर्ता लिइएको छ । सहयोगी कार्यकर्ताहरू,

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, अभिभावकहरू र विद्यार्थीहरूका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावलीहरू र कक्षा अवलोकन फाराम स्थलगत रुपमा शोधकर्ता स्वयम् प्रत्यक्ष उपस्थित भई भराएर सूचनाहरू सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनको उद्देश्य र अनुसन्धान प्रश्नअनुसार तथ्याङ्कलाई गुणात्मक र संख्यात्मक रुपमा विभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ । मिल्ने तथ्याङ्कहरूलाई तथ्याङ्कको स्वरुपअनुसार मिलाएर प्रस्तुत गरी विश्लेषण गरिएको छ, भने गुणात्मक तथ्याङ्कहरूलाई तार्किक व्याख्या, तुलनात्मक विश्लेषण र विवेचना विधिको प्रयोग गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण

## ४.१ बालविकास केन्द्रको वर्तमान अवस्था

प्राथमिक तहको कक्षा एकमा प्रवेश हुनु अगावै प्रारम्भिक बालअवस्थाका बालबालिकाहरूलाई आधारभूत ज्ञानसीप प्रदानगरी चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत शिक्षाविभागको बालविकास शाखाले वि.स. २०५८ सालमा परीक्षणको लागि तयार गरेको बालविकास कार्यक्रम सुरुआतमा विभिन्न जिल्लाहरूमा विद्यालय भन्दा भिन्न समुदायमा बालविकास केन्द्रहरू स्थापना गरेको थियो (नेपाल सरकार, २०५८) । यो कार्यक्रम लगातार विस्तार हुने क्रममा वि.स. २०६१/०६२ मा संखुवासभा जिल्लाको चैनपुर स्रोतकेन्द्र अन्तर्गत खराङ्ग, गा.वि.स.को वडा नं. १, खराङ्ग बजारमा एक केन्द्र, खराङ्गकै वडा नं. ८ को लोहाकोटमा एक केन्द्र, चैनपुर गा.वि.स.को वडा नं. ९ ओखरबोटेमा एक गरी जम्मा ३ वटा बालविकास केन्द्रहरू स्थापना भएका थिए । आ.व. २०६२/०६३ बाट बालविकास केन्द्रहरू समुदायमा मात्र सञ्चालन गर्दा व्यवस्थित नभएको ठहर गर्दै नेपाल सरकारले नजिकको विद्यालयमा गाभ्ने नीति कार्यन्वयन गरेको थियो । जसअनुरुप चैनपुर स्रोतकेन्द्र अन्तर्गतका सबै समुदायमा आधारित बालविकास केन्द्रहरू विद्यालयमा गाभिएका थिए । हाल वि.स.२०७०/०७१ सम्ममा क्रमशः थप भई चैनपुर स्रोतकेन्द्र अन्तर्गत १८ वटा बालविकास केन्द्रहरू विद्यालयमा आधारित मात्र सञ्चालित रहेका छन् । यी विद्यालयमा आधारित बालविकास केन्द्रहरूको भौतिक अवस्था र शैक्षिक अवस्था सम्बन्धी अध्ययन गरिएको छ । यसका लागि अनुसूची ९ र १० को प्रयोग गरिएको छ ।

### ४.१.१ बालविकास केन्द्रको वर्तमान भौतिक अवस्था

यस अध्ययनका लागि छनौटमा परेका ६ वटा बालविकास केन्द्रको वर्तमान अवस्थाको बारेमा अध्ययन गर्न आवश्यक भएकोले ती बालविकास केन्द्रको भवन, फर्निचर, खेलमैदान, शौचालय, पिउने पानीको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ ।

## क) भवन तथा कक्षाकोठाको अवस्था

शिक्षा नियमावली २०५९ को आठौँ संशोधनको नियम ६८ (१) मा बालविकास केन्द्रको भवन तथा कक्षा कोठा फराकिलो, खुल्ला, शान्त र सुरक्षित भएको हुनुपर्ने भनी उल्लेख भएको पाइन्छ ( नेपाल सरकार,२०५९) । संखुवासभा जिल्ला चैनपुर स्रोतकेन्द्रका ६ वटा बालविकास केन्द्रहरूमा बालविकास केन्द्रको छुट्टा छुट्टै भवन नभएको र विद्यालयकै भवनमा सञ्चालित रहेको पाइयो । यसका लागि विद्यालयले नै व्यवस्था मिलाएको पाइयो । यसका लागि विद्यालयले कुनै शुल्क तथा भाडा उठाएको पाइएन । अध्ययनबाट विद्यालयको भवनहरू नै बालविकास केन्द्रका भवन पनि हुन् भन्ने धारणा भएको पाइयो । विद्यालयका भवनहरू पहाडी ढुंगो, माटो, काठ, कर्कटपाता,सिमेन्ट, रड, बालुवा गिटीको प्रयोगबाट बनेको पक्की भएका स्थलगत अवलोकनका क्रममा देखिएको छ । जसलाई अनुसूची १० मा प्रस्तुत गरिएको छ ।

सबै बालविकास केन्द्रका कक्षाकोठाहरू पक्की भवनमा रहेका छन् । श्री शारदा उच्च माध्यमिक विद्यालय, वाणीविलास माध्यमिक विद्यालय, हिमगंगा निम्न माध्यमिक विद्यालय र धर्मदेवी निम्न माध्यमिक विद्यालयका बालविकास केन्द्रका कक्षा कोठामा पोष्टर, चार्टहरू, चित्रहरू, पत्रिकाहरू सजाएको पाइयो तर अरुण निम्न माध्यमिक विद्यालय र भीमसेन प्राथमिक विद्यालयका केन्द्रमा १/१ वटा चार्टहरू मात्र सजाएको पाइयो । यी बालविकास केन्द्र वा विद्यालयका भवनहरू निर्माण गर्न स्थानीय अभिभावकहरू, स्थानीय निकायहरू तथा सरकारी निकायहरू र गैह्रसरकारी संस्थाहरू समेतको सहयोग भएको पाइयो । विद्यालयले व्यवस्थापन गरेका भवन तथा कक्षाकोठाहरू बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि पर्याप्त भएको देखिदैनन् ।

## ख) फर्निचरको वर्तमान अवस्था

यस अध्ययनका लागि छनौट गरिएका बालविकास केन्द्रहरूको फर्निचरहरूको अध्ययन गर्दा केन्द्रमा आवश्यक पर्ने फर्निचरहरू विद्यालयकै व्यवस्थापनमा आधारित डेस्क, बेन्च, कुर्सी, टेवल, दराज, आरामबेन्च, कार्पेट छासमिस रुपमा भएको पाइयो ।
भीमसेन प्राथमिक विद्यालय केन्द्रमा गुन्द्री र पिरा मात्र भएको पाइयो भने ५ वटा केन्द्रमा विद्यार्थी संख्याअनुसार फर्निचर भएको पाइयो । बालबालिकाहरूको उमेरअनुसारका फर्निचरहरू ३ वटा केन्द्रमा भएको पाइयो भने बाँकी २ केन्द्रमा अग्ला फर्निचरहरू बस्न र किताब राख्न प्रयोग भएको पाइयो । यसरी नै एक केन्द्रमा फर्निचरहरू नभएर गुन्द्री पिरालाई बस्न प्रयोग गर्ने गरेको पाइयो ।

तालिका १ : केन्द्रगत फर्निचर सम्बन्धी अवस्था

| क.स. | बालविकास केन्द्रको नाम | डेस्क/वेन्च जोरमा | कालो/सेतोपाटी संख्या | टेवल संख्या | कुर्सी संख्या | दराज संख्या | अन्य संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ | ५ | १ | १ | २ | २ | १ |
| २ | श्री वाणीविलास मा.वि.लोहाकोट | ५ | १ | १ | २ | १ | १ |
| ३ | श्री धर्मदेवी नि.मा.वि. कल्लेरी | ४ | १ | १ | १ | १ | १ |
| ४ | श्री अरुण नि.मा.वि. सालडाँडा | ४ | १ | १ | १ | १ | - |
| ५ | श्री हीमगंगा नि.मा.वि चामाभैं | ५ | १ | १ | १ | १ | १ |
| ६ | श्री भिमसेन प्रा.वि. पिप्ले | - | १ | १ | १ | - | - |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

बालविकास केन्द्रमा २५ जना विद्यार्थी अध्यापन गराउनु पर्ने वैधानिक प्रावधान भएर पनि सबै केन्द्रहरूमा सो भन्दा कम विद्यार्थी संख्या भएको देखिन्छ । कम विद्यार्थी संख्या भएर पनि फर्निचरको व्यवस्था नभई गुन्द्री पिरा र कार्पेटलाई फर्निचरको रुपमा प्रयोग गरेको पाइयो । डेस्क बेञ्च पर्याप्त भएका विद्यालयहरूमा पनि उमेर मिल्दा फर्निचर नभएको पाइयो । सबै केन्द्रहरूमा बालबालिकालाई निन्द्रा लाग्दा सुताउनका लागि गुन्द्री पिरा बाहेक सुताउने ओछ्यानको व्यवसथा नभएको पाइयो । कपडा राख्नका लागि आल्नाको व्यवस्था सबै केन्द्रहरूमा भएको पाइएन । पर्याप्त फर्निचर नभएर बालबालिकाहरू धुलामै बस्नुपर्ने अवस्था देखिएन ।

## ग) खेल मैदानको अवस्था

बालबालिकाहरूको सर्वाङ्गीण विकासको आधारशिला खेल नै हो । बालविकास सम्बन्धी महत्त्वपूर्ण योगदान गर्ने विशिष्ट दार्शनिक तथा शिक्षाविद्हरू रुसो, फ्रोवेल र मेरीया मण्टेश्वरीले बालबालिकाहरूको चौतर्फी विकासका लागि आवश्यक ज्ञान सीप प्रदान गर्ने प्रमुख औजारको रूपमा

खेल विधिलाई स्वीकार गरेका छन्। यस सन्दर्भमा शिक्षाविद जे.सी. अग्रवाल भन्दछन् जसरी एउटा कवि कविता लेख्न, एउटा गायक गीत गाउन र एउटा नर्तक नाँच्न थकित हुँदैन, त्यसरी नै एउटा बालक खेल्नमा थकित हुँदैन (ढुङ्गाना, २०६३) । यसबाट के प्रष्ट हुन्छ भने बालकको आन्तरिक उत्साहको केन्द्रबिन्दु खेल नै हो भन्न सकिन्छ ।

बालबालिकाहरूले खेल्ने खेललाई कक्षाकोठा भित्र खेलिने र कक्षाकोठा बाहिर खेलिने दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कक्षाभित्र खेलिने खेलले उनीहरूको मानसिक विकासलाई सहयोग पुऱ्याउँदछ भने कक्षा बाहिर खेलिने खेलले उनीहरूको शारीरिक विकासलाई सहयोग पुऱ्याउँदछ । खेल बालबालिकाहरूको प्राकृतिक क्रियाकलाप भएकोले खेलेर बिताउने र सुख आनन्द प्राप्त गरी रमाइ रहने गर्दछन् । कहिल्यै थाकेको महसुस गर्दैनन् । यसर्थ उनीहरूलाई उमेर अवस्था अनुसारका खेलहरू खेलाएर तन्दुरुस्त बनाउनका लागि बालविकास केन्द्रको खेलमैदान आधारोपनी वा एक कट्ठा हुनुपर्ने भनी शिक्षा नियामावली २०५९ को नियम ६८ (२) मा उल्लेख भएअनुसारको उपयुक्त खेलमैदान हुन आवश्यक हुन्छ (नेपाल सरकार,२०५९) । प्रस्तुत ६ बटा बालविकास केन्द्रहरूको अध्ययन अबलोकन गर्दा ५ वटा वाल विकास केन्द्रहरूमा कक्षा भित्र र बाहिर खेल्नका लागि पर्याप्त खेलमैदान पाइयो भने एउटा केन्द्रमा कक्षा भित्र खेल्नलाई पर्याप्त स्थान भएको र कक्षा बाहिर खेल्नका लागि खेलमैदान साँगुरो भएको स्थलगत अध्ययनका क्रममा पाइयो ।

यस अध्ययनको छनौटमा परेका विद्यालयहरूमा खेलखेल्ने मैदान विद्यालय आफैले चर्चेको हाताभित्र भएको पाइयो । भाडामा वा अन्य व्यवस्थामा खेलमैदानको व्यवस्था गरेको पाइएन । विद्यालयको तहअनुसार एउटै खेलमैदानमा सबै प्रकारका बालबालिका (ठूला र साना) खेल्ने गरेको पाइयो । साना बालबालिकाहरूका लागि छुट्टै र ठूला बालबालिकाहरूका लागि छुट्टै खेलमैदान भएको पाइएन । यसो भएकोले साना बालबालिकाहरूलाई स्वेच्छिक खेल र कृयाकलाप गर्न पर्याप्त अवसर भने नपाइएको देखियो ।  पर्याप्त खेलमैदान भएर पनि भिरालो, खाल्डा खाल्डी र घेराबारा नगरेकाले ५ वटा केन्द्रहरूमा बाल बालिकाहरू खेल्दा लड्ने सम्भावना देखियो भने हिमगंगा निम्न माध्यमिक विद्यालयको बालविकास केन्द्रमा सालको खम्बा र बाँसकोभाटा प्रयोग गरी घेराबारा गरेकोले बालबालिकाहरू खेल्दा लड्ने सम्भावना कम देखियो । समग्रमा विद्यालयको खेलमैदान सबै बालबालिकाहरूका लागि पर्याप्त र उपयुक्त देखिँदैन तापनि आवश्यक प्रकृया अपनाएर खेल खेलाउन सकिने देखिएका छन् । यसबाट के प्रष्ट हुन्छ भने बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि उद्देश्य अनुरुपका कृयाकलाप सञ्चालन गराउन पर्याप्त र उपयुक्त खेल मैदान नभएर बाधा परेको देखिन्छ ।

## घ) शौचालयको अवस्था

शरीरले पैदा गर्ने विकारलाई निश्चित स्थानमा फालेर वातावरणीय पक्षलाई स्वास्थ्य, स्वच्छ, हरभरा बनाउन तथा बालबालिकाहरूलाई सानै उमेर देखि स्वस्थ्य र सरसफाइ सम्बन्धी सकारात्मक धारणा, नैतिकता, इमान्दारीता, संयमता जस्ता भावनाको विकास गराउन हरेक बालविकास केन्द्रमा बालक, बालिका र सहयोगी कार्यकर्ताका लागि छुट्टा छुट्टै शौचालय हुन आवश्यक हुन्छ । शिक्षा नियमावली २०५९ को आठौँ संशोधनको नियम ६८ (४) मा स्वच्छ खानेपानी र शौचालयको व्यवस्था बालविकास केन्द्रमा हुनुपर्ने भनी उल्लेख गरेको छ (नेपाल सरकार, २०५९) । प्रस्तुत छनौटमा परेका विद्यालयमा आधारित बालविकास केन्द्रहरूमा अवलोकन गर्दा सबै केन्द्रमा शौचालय भएको पाइयो । सबै बालविकास केन्द्रहरूमा छात्रहरूका लागि छुट्टै, छात्राहरूका लागि छुट्टै र शिक्षकहरूका लागि छुट्टै शौचालयहरू भएको पाइयो । ती शौचालयहरू सबै ढुङ्गो, माटो, कर्कटपाताबाट बनेका र भित्रपट्टी रड, सिमेन्ट प्रयोग गरी ढलाइ गरेका प्यानसेट जडित पक्की भएको पाइयो । शौचालय पक्की र राम्रो भएर पनि सबै बालविकास केन्द्रमा पानीको पर्याप्तता र प्रयोग गर्ने बानीको राम्रो विकास नभएकोले दुर्गन्धित र प्रदुषणयुक्त अवस्था भएको पाइयो । सबै केन्द्रमा शिक्षकहरूले प्रयोग गर्ने शौचालय भने बालबालिकाहरूले प्रयोग गर्ने शौचालयको तुलनामा सरसफाइ भएको पाइयो ।

## ङ) पिउने पानीको अवस्था

स्वस्थ्य जीवनका लागि पिउने पानी अति महत्त्वपूर्ण पदार्थ हो । बालाबालिकाहरू बढी खेलप्रिय भई बढी परिश्रम गर्ने र चन्चले स्वभावका हुने हुँदा उनीहरूका लागि त झन बढी नै पानीको आवश्यक पर्दछ । उनीहरूलाई तिर्खा लाग्ना साथ पिउने पानी सरल सहज र पर्याप्त व्यवस्था हुनुले, त्यति नै बालबालिकाहरूको स्वास्थ्य पनि सबल र निरोगी हुन्छ । शिक्षा नियामावली २०५९ को आठौँ संसोधनको नियम ६८ (४) मा स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने भन्ने उल्लेख भएको छ (नेपाल सरकार,२०५९) । छनौटमा परेका ६ वटा बालविकास केन्द्रहरूको स्थलगत अवलोकनका क्रममा ५ वटा केन्द्रमा पिउने पानीको स्थायी स्रोत भई दिर्धकालसम्म रहने र भीमसेन प्राथमिक विद्यालय केन्द्रमा अल्पकालिन (अस्थायी) स्रोत भई कहिले बालविकास केन्द्रमा पानी आउने र पानी नआए पछि नजिकको मुहानमा वा नजिकको घरपसलमा गई पानी मागेर पिउनु पर्ने अवस्था भएको पाइयो । पर्याप्त पानीको स्थायी स्रोत भएका विद्यालयहरूमा पनि पानीलाई फिल्टरमा राखेर प्रयोग गर्ने गरेको ३ वटा विद्यालयमा मात्र पाइयो । बाँकी ३ बटा विद्यालयहरूमा पानीको स्रोतबाट जस्तो प्राप्त हुन्छ, त्यस्तै पिउन प्रयोग गर्ने गरेको पाइयो । जसोतसो सबै केन्द्रमा पिउने पानीको व्यवस्था भएको पाइन्छ । तर पर्याप्तता र उपयुक्तता नदेखिएकोले सबै बालबालिकाले चाहेकै समयमा पिउने

पानी पाएको अवस्था देखिएन । तिर्खा लाग्न साथ बालबालिकाले पिउने पानी प्राप्त गर्न नसक्नुलाई उनीहरूको सर्वाङ्गीण विकासकोलागि कमजोर बनाउने पक्षको रुपमा लिन सकिन्छ ।

### ४.१.२ बालविकास केन्द्रको शैक्षिक अवस्था

बालविकास केन्द्रको शैक्षिक अवस्था भन्नाले बालविकास केन्द्रका कक्षाकोठाहरूमा शिक्षण सिकाइ क्रियाकलाप कतिको प्रभावकारी छ भन्ने कुरालाई जनउँदछ, विद्यार्थीहरूको उमेर, रुची, क्षमताका आधारमा शिक्षण सिकाइ भएको छ वा छैन र सञ्चालन गरिएका कृयाकलापहरूले बालबालिकाहरूको विकासमा कतिको सहयोग पुगेको छ भन्ने कुरालाई सम्बोधन गर्दछ । बालबालिकाहरूको सर्वाङ्गीण विकासमा नेपाल सरकार, अभिभावक, व्यवस्थापन समिति तथा सहयोगी कार्यकर्ता, व्यक्ति तथा संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

प्रस्तुत छनौटमा परेका ६ वटा बालविकास केन्द्रहरूको शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा बालबालिकाहरूको अवस्था, अभिभावकहरूको अवस्था, नेपाल सरकारको नीति कार्यक्रम तथा सहयोगको अवस्था, शैक्षिक तथा खेल सामग्रीको अवस्था, शैक्षिक क्रियाकलाप र मूल्याङ्कन सम्बन्धी हालको अवस्थाहरूलाई अनुसूची १२ मा प्रस्तुत गरिएको छ ।

### ४.१.३ बालविकास केन्द्रका बालबालिकाहरूको लैङ्कि र उमेरगत अवस्था

यस अध्ययनको लागि छनौट भएका बालविकास केन्द्रका बालबालिकाहरूको अवस्था अध्ययन गर्ने क्रममा ती केन्द्रहरूमा अध्ययन गरीरहेका बालबालिकाहरूको लैङ्गिक र उमेरगत अवस्थालाई अध्ययन गरी प्रस्तुत गरिएको छ ।

तालिका २ बालबालिकाको उमेरगत अवस्था

| उमेर वर्षमा | बालबालिकाको संख्या र प्रतिशत | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्र संख्या | छात्र प्रतिशत | छात्रा संख्या | छात्रा प्रतिशत | बालबालिकाको संख्या | प्रतिशत |
| ३ | २३ | १९.३३ | २७ | २२.६९ | ५० | ४२.०२ |
| ४ | २४ | २०.१७ | २९ | २४.३७ | ५३ | ४४.५४ |
| ५ | ९ | ७.५६ | ७ | ५.८८ | १६ | १३.४४ |
| जम्मा | ५६ | ४७.०६ | ६३ | ५२.९४ | ११९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका अनुसार ६ वटा बालविकास केन्द्रमा जम्मा भर्ना भएका ११९ जना बालबालिकाहरू मध्ये बालकहरूको संख्या ५६ जना ४७.०६% र बालिकाहरूको संख्या ६३ जना ५२.९४% रहेको छ। बालकको संख्याभन्दा बालिकाको संख्या ७ जना बढी भएको पाइयो। बालविकास केन्द्रमा बालबालिकाहरूलाई उमेरगत आधारमा निम्नानुसार विभाजन भएको पाइयो।

माथिको तालिकाअनुसार बालबालिकाहरूको उमेरगत अवस्थालाई हेर्दा सबभन्दा बढी ४ वर्षका ४४.५४ प्रतिशत बालबालिकाको संख्या क्रमशः २४ र २९ गरी जम्मा ५३ जना, त्यसपछि दोस्रो ३ वर्षका ४२.०२ प्रतिशत बालबालिकाको संख्या क्रमशः २३ र २७ गरी ५० जना र तेस्रो स्थानमा ५ वर्षका १३.४४ प्रतिशत बालबालिकाहरूको संख्या क्रमशः ९ र ७ जना गरी जम्मा १६ जना भएको पाइयो।

### ४.१.४ बालविकास केन्द्रका बालबालिकाहरूको जातिगत अवस्था

प्रस्तुत छनोटमा परेका ६ वटा बालविकास केन्द्रमा अध्ययन गरिरहेका बालबालिकाको जातिगत अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिक ३ जातिगत आधारमा बालबालिकाहरूको अवस्था

| क.स. | जातजातिको नाम | बालबालिकाको संख्या (जनामा) | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| १. | ब्राह्मण | १० | ९ | १९ | १५.९७ |
| २. | क्षेत्री | ११ | १४ | २५ | २१.०१ |
| ३. | राई | १० | १२ | २२ | १८.४९ |
| ४. | तामाङ्ग | १० | १२ | २२ | १८.४९ |
| ५. | नेवार | ५ | ५ | १० | ८.४० |
| ६ | दलित | ६ | ८ | १४ | ११.७६ |
| ७. | लिम्बू | २ | २ | ४ | ३.३६ |
| ८. | शेर्पा | २ | १ | ३ | २.५२ |
| | जम्मा | ५६ | ६३ | ११९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

प्रस्तुत छनौटमा परेका बालविकास केन्द्रका बालबालिकाहरूलाई जातिगत आधारमा हेर्दा सबभन्दा बढी क्षेत्री जातिका बालबालिकाहरू रहेको पाइयो। जसमा छात्र सङ्ख्या ११ र छात्रा सङ्ख्या १४ गरेर जम्मा २५ जना २१.०१ प्रतिशत भएको देखिन्छ। त्यसपछि दोस्रो सङ्ख्या राई र तामाङ्गको रहेको पाइयो। जसमा राई जातिका छात्र १० र छात्रा १२ गरी जम्मा २२ जना, १८.४९ प्रतिशत भई राई र तामाङ्ग जातिको सङ्ख्या बराबरी देखिन्छ। त्यसपछि तेस्रो संख्या ब्राह्मण जातिको

पाइयो । जसको छात्र १० जना र छात्रा ९ जना गरी जम्मा १९ जना १५.९७ प्रतिशत भएको पाइयो । त्यसपछि क्रमश: दलित छात्र ६ जना र छात्रा ८ जना गरी जम्मा १४ जना ११.७६ प्रतिशत, नेवार छात्र ५ र छात्रा ५ गरी जम्मा १० जना ८.४० प्रतिशत, लिम्बू छात्र २ र छात्रा २ गरी जम्मा ४ जना ३.३६ प्रतिशत र शेर्पा छात्र २ र छात्रा १ गरी जम्मा ३ जना २.५२ प्रतिशत भएको देखिन्छ। यसरी अध्ययनको क्षेत्रमा सबभन्दा कम सङ्ख्या शेर्पा जातिको भएको पाइयो । यसबाट के भन्न सकिन्छ भने सबैजातिको समान प्रतिनिधित्व नभएपनि प्राय त्यस क्षेत्रमा बसोबास गर्ने प्राय धेरै जातिका बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना हुन आएको पाइयो ।

### ४.१.५ सहयोगी कार्यकर्ताको वर्तमान अवस्था

नेपाल सरकार, सरकारी तथा गैह्रसरकारी संस्था, नगरपालिका तथा गाउँ विकास समितिहरू र समुदायहरूबाट प्राप्त भौतिक तथा शैक्षिक सुविधाहरूको सही सदुपयोग गर्दै बालविकास केन्द्रमा सहयोग पुऱ्याउने जिम्मेवार व्यक्ति नै सहयोगी कार्यकर्ता हुन् । सहयोगी कार्यकर्ताको लिंग, योग्यता, क्षमता, तालिम अनुभव पारिश्रमिक तथा सुविधाबाट बालविकास केन्द्रमा गरिने सम्पूर्ण क्रियाकलापहरू प्रभावित भएका हुन्छन् । सहयोगी कार्यकर्ता जति बढी क्रियाशिल हुन सक्यो, त्यति नै बढी बालबालिकाहरू गतिशील हुन्छन् । तसर्थ उपयुक्त ठानिएका बुँदाहरूमा आवश्यक सूचनाहरू प्रस्तुत गरिएको छ। जसलाई अनुसूची ११ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ : सहयोगी कार्यकताको वर्तमान अवस्था

| क्र.स. | विद्यालयको नाम | शैक्षिक योग्यता(पास) | लिङ्ग | तालिम | अनुभव वर्ष |
|---|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ | कक्षा १२ | महिला | ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी | ९ |
| २ | श्री वाणीविलास मा.वि.लोहाकोट | S.L.C. | महिला | ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी | ८ |
| ३ | श्री धर्मदेवी नि.मा.वि. कल्लेरी | S.L.C. | महिला | ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी | ५ |
| ४ | श्री अरुण नि.मा.वि. सालडाँडा | S.L.C. | महिला | ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी | ५ |
| ५ | श्री हीमगंगा | S.L.C. | महिला | ३ हप्ते पूर्णकालिन र वर्षको | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नि.मा.वि चामाभैं | | | २ पटक पुनर्ताजगी | |
| ६ | श्री भिमसेन प्रा.वि. पिप्ले | S.L.C. | महिला | ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी | १ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

प्रस्तुत तालिकाअनुसार श्री शारदा उ.मा.वि. केन्द्रमा कक्षा १२ पास गरेको र बाँकी ५ वटै केन्द्रमा सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता एस.एल.सी. पास भएको पाइयो । सबै केन्द्रहरूमा बिबाहित महिला सहयोगी कार्यकर्ता भएको पाइयो । सबै सहयोगी कार्यकर्ताहरूले ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी तालिम लिने गरेको पाइयो । सहयोगी कार्यकर्ताहरूको शिक्षण अनुभव १ जनाको ९ वर्ष, १ जनाको ८ वर्ष, २ जनाको ५ वर्ष, १ जनाको ३ वर्ष र १ जनाको १ वर्षको भएको पाइयो ।

### क) सहयोगी कार्यकर्ताको योग्यता तथा अनुभवको अवस्था

यस अध्ययनका लागि छनौट गरिएका छ वटा बालविकास केन्द्रहरूमा काम गर्ने सहयोगी कार्यकर्ताकाहरूको शैक्षिक योग्यता हेर्दा ५ वटामा एस.एल.सी. पास र एउटा केन्द्रमा कक्षा १२ पास गरेको पाइयो । सबै केन्द्रमा कम्तिमा एस.सल.सी. योग्यता प्राप्त गरेका सहयोगी कार्यकर्ताहरूले बालकक्षा सञ्चालन गरेको हुँदा कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोग गरी भन्न, देखाउन र प्रयोग गर्न लगाएको पाइयो । यसरी नै खेल सामग्री प्रयोग गरेर खेल्ने, दौड्ने, भाग्ने, लुक्ने गराएको पाइयो । चित्रहरू प्रयोग गरेर रोएको, हाँसेको, सफा भएको र फोहोर भएको चिनेर भन्न र अभिनय गर्न लगाएको पाइयो । अक्षरहरू, चित्रहरू हेरेर लेख्न र भन्न लगाएको पाइयो । विद्यार्थीहरू खेल सामाग्री र शैक्षिक सामग्रीको प्रयोग गरेर रमाइ रमाइ खेल विधिबाट सिकिरहेका र शारीरिक अभ्यास गरिरहेको पाइयो । यसर्थ कक्षाहरूमा प्रभावकारी, बालकेन्द्रित र रमाइलो वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको पाइयो । बालबालिकाहरू सिकाइ प्रति अनुशासित र उत्प्रेरीत भएको पाइयो । अध्ययन क्रममा धेरै वर्षलामो अनुभव कसैको पनि भएको पाइएन किनभने यो कार्यक्रम वि.स. २०५८ साल देखि लागूभएको भएपनि यस स्रोतकेन्द्रमा वि.स. २०६१ साल देखि मात्र लागू भएको पाइयो । तसर्थ १ जना सहयोगी कार्यकर्ताको अनुभव ९ वर्ष नै सबभन्दा बढी र पहिलो हुन पुगेको पाइयो । दोस्रो ८ वर्षको अनुभव भएको १ जना, तेस्रोमा ५ वर्ष अनुभव भएका २ जना, चौथोमा ३ वर्षको अनुभव भएको एकजना, र पाँचौ १ वर्षको अनुभव भएको १ जना सहयोगी कार्यकर्ता भएको पाइयो ।

ख) सहयोगी कार्यकर्ताको तालिम तथा प्रशिक्षणको अवस्था

प्रस्तुत छनौटमा परेका बालविकास केन्द्रमा सबैजना कार्यकर्ताहरूलाई जिल्ला शिक्षा कार्यलय तथा स्रोतकेन्द्र कार्यालयले ३ हप्ताको सेवाकालीन तालिम दिइएको पाइयो । बालविकास कार्यक्रम निर्देशिकाले सेवाको सुरुवातमा तीनहप्ते र वर्षको २ पटक ३/३ दिने पुनर्ताजगी तालिमको व्यवस्था गरेको पाइएको छ । यस तालिममा बालमनोविज्ञान सम्बन्धी ज्ञान, शिक्षण विधि, शिक्षण सामग्रीको प्रयोग, समस्या समाधान गर्ने विधिहरू सिकाइएको पाइयो । सहयोगी कार्यकर्ताहरूले यो तालिम मात्र पर्याप्त नभएको र वर्षको २ पटक ५/५ दिन पुनर्ताजगी तालिम हुनु पर्ने भन्ने गुनासो व्यक्त गर्दै लामो समयको पूर्ण कालिन तालिमको व्यवस्था भएमा शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सकिने तर्क पेश गरे ।

ग) सहयोगी कार्यकर्ताको लैङ्गिक अवस्था

छनौटमा परेका ६ वटै बालविकास केन्द्रहरूमा बिबाहित महिलाहरू सहयोगी कार्यकर्ता भएर कार्यरत रहेको पाइयो । महिलाहरू साधारणतया ममतामयी स्नेही, सहनशीलता, बात्साल्यामयी तथा बालबालिकाहरूको हेरचाहमा विशेष ध्यान दिन सक्ने हुँदा बालबालिकाहरू उनीहरूसँग बिना डर घुलमिल भई निर्भय रूपमा स्वतन्त्रतापूर्वक सिक्न उत्सुक भएको व्यवहारबाट देखियो । यस्तो व्यवहार सिकाइमा सकारात्मक प्रभाव पार्ने तथ्य स्पष्ट भएको छ ।

घ) सहयोगी कार्यकर्ताको पारिश्रमिक तथा सुविधाको अवस्था

छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई सरकारले दिने गरेको रु ३,००० र विद्यालयले थप कार्यभार समेत दिएर थप गरिदिएको रु २,५०० समेत जम्मा रु ५,५०० । सम्म मात्र मासिक पारिश्रमिक प्राप्त गर्ने गरेको पाइयो । विद्यालयले थप पारिश्रमिक नदिएका केन्द्रहरूमा सबभन्दा कम रु ३,००० मात्र पारिश्रमिक प्राप्त गर्ने गरेको पाइयो ।

नमुना छनौटमा परेका ६ वटा बालविकास केन्द्र मध्ये एउटा केन्द्रमा सहयोगी कार्यकर्ताले रु ५,५००, दुईवटा केन्द्रमा रु ४,७००।-, एउटा केन्द्रमा रु ४,६००।- र दुईवटा केन्द्रमा रु ३,००० मात्र प्रतिमहिना पारिश्रमिक प्राप्त गर्ने गरेको पाइयो । यी सबै केन्द्रहरूबाट प्राप्त गर्ने गरेको पारिश्रमिक वर्तमान समयको सन्दर्भमा न्यून हो । न्यून पारिश्रमिक भएका कारण बिहान बेलुका छाक टार्ने समस्या हल गर्न नसकिएको, दैनिक ४/५ घण्टा केन्द्रमा नै बिताउनु पर्ने र अन्य बैकल्पिक रोजगारको बाटो अवलम्बन गर्न नसकेको अवस्था जनाउँदै सहयोगी कार्यकर्ताहरूमध्येका कमला श्रेष्ठले गम्भिर चासो व्यक्त गर्नु भयो :

> घरमा रहँदा समेत बालविकास केन्द्रसँग सम्बिन्धत सन्दर्भहरूमा चिन्तन, मनन र निर्माण कार्य गर्नु पर्ने हुन्छ र कम पारिश्रमिक भएका कारण आफ्नै दैनिक व्यवहार सञ्चालनको चिन्ताले बालविकास केन्द्र तर्फको ध्यान मोडिदिने भएकोले बालविकास केन्द्रका सन्दर्भहरू गौण सावित हुने गर्दछ ।

कम पारिश्रमिक भएकै कारण अध्ययन विकास, नयाँ विधिको खोजी, चिन्तन, मनन र निर्माण सम्बन्धी यथोचित विकास गरी शिक्षण सिकाइमा उपयोगी गर्न नसकिएको भन्ने जवाफ उनीहरूबाट प्राप्त भएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक कम्तिमा गाँस, बास र कपासको समस्या धान्न पुग्ने गरी बृद्धि भएमा बालविकास केन्द्रको क्रियाकलापमा तल्लिन हुन सकिने र बालबालिकाहरूको सर्वाङ्गीण विकासमा प्रभावकारीता ल्याउन सकिने तर्क उनीहले प्रस्तुत गरेर । कम पारिश्रमिक पाउने कार्यकर्ताको तुलनामा बढी पारिश्रमिक पाउने कार्यकर्ता बढी सन्तुष्ट भएको पाइयो । उनीहरूले बालविकास केन्द्रमा प्रभावकारी क्रियाकलाप संचालन गरे प्रभावकारी शिक्षण सिकाइ गर्न प्राथमिक विद्यालयका शिक्षकको बराबर पारिश्रमिक हुनु पर्ने भन्ने बारेमा नेपाल सरकार समक्ष अनुरोध पेश गर्ने तर्फ आफूहरू उन्मुख भएको व्यक्त गरे ।

### ४.१.६ अभिभावकहरूको शैक्षिक अवस्था

बालविकास केन्द्रको स्थापना कालदेखि कार्यक्रमको अन्तिम चरणसम्म अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ । बालविकास केन्द्रको भौतिक, आर्थिक, सामाजिक अवस्था सुनियोजित र सुव्यवस्थित कायम गर्न प्रत्यक्ष वा परोक्ष रुपमा अभिभावकहरू नै क्रियाशिल  हुनुपर्दछ । अन्यथा बालविकास केन्द्रको सम्पूर्ण क्रियाकलाप प्रभावित भई नकारात्मक असर पर्नुको साथै औचित्य नै समाप्त हुनसक्दछ ।

यस अध्ययनलाई पुरा गर्न छनौट गरी अध्ययन गरिएका ६ वटै बालविकास केन्द्रका अभिभावकहरू २/२ जनासंग अन्तरक्रिया गर्दा विद्यार्थीहरूलाई नियमित विद्यालय पठाउने गरेको, केन्द्रको भौतिक सुविधा व्यवस्था गर्न आवश्यकताअनुसार शारीरिक तथा आर्थिक सहयोग गर्ने गरिएको, समय समयमा केन्द्रमा गई आफ्नो बालबालिकाहरूको प्रगति सम्बन्धमा चासो राख्ने गरेको पाइयो । बालविकास केन्द्रले आयोजना गरेका कार्यक्रमहरूमा उपस्थितभई सहयोग गर्ने गरेको पाइयो । अभिभावकहरूबाट सहयोग भएर पनि बालविकास केन्द्रको शैक्षिक, सामाजिक, आर्थिक तथा भौतिक पक्षहरूको पूर्ण व्यवस्थापन हुन सकेको भने पाइएन । यसरी नै नियमित निरीक्षण, अनुगमन र नयाँ

कार्य योजना निर्माण गर्न अभिभावकहरूको सक्रियता भएको पाइएन । उनीहरूले आफ्ना बालबालिकाहरूको केबल शैक्षिक पक्षको मात्र चासो राख्ने गरेको पाइयो । उनीहरूले शैक्षिक पक्षको अतिरिक्त मानसिक, शारीरिक, बौद्धिक तथा सम्वेगात्मक र पोषणको अवस्था बारे राम्ररी चासो राखेको पाइएन । यसरी सबै पक्षमा चासो पुग्न नसक्नुको कारण आफूहरू दैनिक व्यवहार धान्नका लागि रोजगारीमा व्यस्त रहनु पर्ने बताए ।

यस अध्ययनसँग सम्बन्धित अभिभावकहरू स्थानीय नै भएर पनि अशिक्षित भएको कारण बालविकास केन्द्र सम्बन्धी कार्यक्रम सम्बन्धमा आफूहरू अनभिज्ञ भएको बताए । उनीहरूले बालबालिकालाई केन्द्रमा पठाएर सहयोग गर्नु पर्दछ, बाँकी बालबालिकाहरूको हेरविचार गर्ने, घर पठाउने केन्द्रमा रहँदाको सम्पूर्ण जिम्मेवारी सहयोगी कार्यकर्ताको हुनु पर्ने भन्ने तर्क प्रस्तुत गरे जसलाई अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा सहभागी १२ जना अभिभावकहरूको शैक्षिक अवस्थालाई हेर्दा साक्षर भएको र माथिल्लो शैक्षिक योग्यता कक्षा १२ पास सम्ममात्र भएको पाइयो । बढी शैक्षिक योग्यता प्राप्त गरेका अभिभावकहरूले आफूहरू बालविकास केन्द्र प्रति बढी उत्तरदायी भएको र साक्षर मात्र भएको अभिभावकहरूले कम उत्तरदायी भएको र श्रममा व्यस्त रहनु पर्ने जनाए । संलग्न अभिभावकहरूको शैक्षिक योग्यता निम्न तालिकाबाट अध्ययन गर्न सकिन्छ ।

तालिका ५ : अभिभावकहरूको शैक्षिक अवस्था

| शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २ | १६.६७ |
| साक्षर (एस.एल.सी. मुनी) | ७ | ५८.३३ |
| एस.एल.सी र सोभन्दा माथि | ३ | २५.०० |
| जम्मा | १२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिका अनुसार १२ जना अभिभावकहरूमा सबभन्दा बढी अभिभावकहरू साक्षर ( एस.एल.सी मुनी)  ७ जना अर्थात ५८.३३ प्रतिशत, त्यसपछि एस.एल.सी. पास र सो भन्दामाथिको योग्यता प्राप्त गरेका ३ जना अर्थात् २५ प्रतिशत, बाँकी निरक्षर जसले शैक्षिक योग्यता प्राप्त गरेका छैनन् २ जना अर्थात १६.६७ प्रतिशत रहेको पाइयो ।

### ४.१.७ बालविकास केन्द्रमा उपलब्ध शैक्षिक सामग्रीको अवस्था

बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्नको लागि विभिन्न प्रकारका सामग्रीहरूको प्रमुख स्थान हुन्छ । सिकाइका लागि शैक्षिक सामग्रीहरूको अहम् महत्त्व हुन्छ । जति बढी शैक्षिक सामग्रीहरू उपलब्ध र प्रयोगमा ल्याइन्छन्, त्यति नै बढी सिकाइ प्रभावकारी हुन्छ ।

प्रस्तुत छनौटमा परेका बालविकास केन्द्रहरूमा शैक्षिक सामग्रीको वितरण समान रुपमा भएको पाइएन । जिल्ला शिक्षा कार्यलय तथा स्रोतकेन्द्रले उपलब्ध गराएको सामग्रीहरू जस्तै वर्णतालिका, अंक तालिका, अल्फावेट तालिका, मानिसका तस्विरहरू, फलफूल र जनावरका चित्रहरू सबै केन्द्रहरूमा प्राप्त भएको पाइयो । आर्थिक रुपमा बलिया देखिएका श्री शारदा उ.मा.वि., श्री वाणीविलास मा.वि. र श्री धर्मदेवी नि.मा.वि. केन्द्रहरूमा बढी सामग्रीहरू भएको पाइयो । जसमा बालपुस्तिकाहरू, महापुरुषहरूका तस्विरहरू, विभिन्न अवस्था जनाउने मानिसका चित्रहरू (रोएको, हाँसेको, झगडा गरेको, चर्पि प्रयोग गरेको र नगरेको, मेलमिलापको चित्रहरू, जनवार, फलफूल, यातायातका साधानका चित्रहरू) पाइए । श्री हीमगंगा नि.मा.वि. र श्री अरुण नि.मा.वि. केन्द्रहरूमा सिठि, मादल, किबोर्ड खेलैनाहरू जस्ता सामग्रीहरू भएको पाइयो । बाँकी एक बालविकास केन्द्रमा स्थानीय रुपमा तयार गरिएका टिन, रबरका बट्टाहरू, कपडाका टुक्राहरू काठका लौराहरू, बाँसका बट्टाहरू र अन्य सामग्रीहरू समेत भएको पाइयो । जसलाई अनुसूची ९ मा प्रस्तुत गरिएको छ ।

शैक्षिक सामग्रीहरूको उपलब्धता सबै बालविकास केन्द्रहरूमा समान रूपमा नपाइए पनि उपलब्ध सामग्रीहरू प्रयोग गर्ने गरेको पाइयो । जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्रबाट उपलब्ध गराइएका शैक्षिक सामग्रीहरू सहयोगी कार्यकर्ताको निगरानी र नियन्त्रणमा प्रयोग गर्ने गरेको हुँदा अन्य सामग्रीको तुलनामा बढी टिकाउ भएको पाइयो । धेरै सहयोगी सामग्रीहरू सहयोगी कार्यकर्ताले सङ्कलन गर्ने, निर्माण गर्ने, लेखेर तयार गर्ने, कालो/श्वेत पाटीमा चित्र तयार गर्ने प्रक्रिया अपनाएर बालबालिकाहरूमा शैक्षिक ज्ञान तथा धारणा दिने गरेको पाइयो ।

### ४.१.८ खेलकुद सामग्रीको अवस्था

बालबालिकाहरूलाई जतिबढी खेल सामग्री व्यवस्था गर्न सक्यो त्यति नै बढी क्रियाशील बनाउन सकिन्छ । खेलको माध्यमबाट बालबालिकाहरूको सिकाइमा सकारात्मक प्रभाव पार्न सकिन्छ । विशेष गरेर बालबालिकाहरूको शारीरिक र मानसिक विकासमा बढी प्रभाव खेलबाट पर्ने भएकोले खेल सामग्रीलाई महत्त्वपूर्ण औजारको रुपमा लिइन्छ ।

यस अध्ययनलाई पूरा गर्नका लागि छनौट भएका बालविकास केन्द्रमा देखिएका सामग्रीहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६ : खेल सामग्रीको अवस्था

| खेलको प्रकार | उपलब्ध सामग्री | बालविकास केन्द्रको संख्या | प्रतिशत | पर्याप्त/ अपर्याप्त |
|---|---|---|---|---|
| कोठा बाहिर खेलिने खेल सामग्री | स्कीपिङ डोरी | ६ | १०० | पर्याप्त |
| | सानो वल | ६ | १०० | अपर्याप्त |
| | चाकाचुली | २ | ३३.३३ | अपर्याप्त |
| | पिङ | ४ | ६६.६७ | अपर्याप्त |
| | रिङ्ग | ५ | ८३.३३ | पर्याप्त |
| | चेकर | २ | ३३.३३ | अपर्याप्त |
| | चुंगी | ६ | १०० | पर्याप्त |
| कोठा भित्र खेलिने खेल सामग्री | चेस | ६ | १०० | अपर्याप्त |
| | लुडो | ६ | १०० | पर्याप्त |
| | गुडिया | ५ | ८३.३३ | अपर्याप्त |
| | पजल | ३ | ५० | अपर्याप्त |
| | क्यारामबोर्ड | १ | १६.६७ | अपर्याप्त |
| | ढुङ्गाको गोटी | ६ | १०० | पर्याप्त |

नोट : सबै जना विद्यार्थीलाई एकै समयमा खेल्न पुगेमा पर्याप्त र नपुगेमा अपर्याप्त ।

स्रोत : स्थलगत सर्वेक्षण,२०७०

माथिको तालिकाअनुसार स्किपीङ डोरी, चुङ्गी, लुडो, ढुङ्गाको गोटि सबै बालविकास केन्द्रहरूमा विद्यार्थीहरूको सङ्ख्याअनुसार पर्याप्त खेल्न पुगने भएको पाइयो । यसरी नै रिङ ५ वटा केन्द्रमा भएको र विद्यार्थी सङ्ख्याअनुसार खेल्न पुग्ने भएको पाइयो । गुडिया ५ वटा केन्द्र भएको तर विद्यार्थी सङ्ख्याअनुसार खेल्न नपुगने अपर्याप्त देखियो । पिङ ४ वटा केन्द्रमा भएको देखियो तर विद्यार्थी सङ्ख्याअनुसार खेल्न पर्याप्त नभएको देखियो । सानोबल र चेस ६ वटै केन्द्रमा भएको पाइयो तर विद्यार्थी सङ्ख्या अनुसार खेल्न अपर्याप्त भएको देखियो । चाकाचुली र चेकर २ केन्द्रमा भएको पाइयो तर विद्यार्थी सङ्ख्याअनुसार खेल्न नपुगने अपर्याप्त भएको पाइयो । क्यारामबोर्ड एक केन्द्रमा मात्र भएको र विद्यार्थी सङ्ख्या अनुसार खेल्न अपर्याप्त रहेको देखियो । पजल ६ वटै केन्द्रमा भएकोमा

३ वटा केन्द्रमा विद्यार्थी सङ्ख्याअनुसार खेल्न पर्याप्त भएको र ३ वटा केन्द्रमा विद्यार्थी सङ्ख्याअनुसार खेल्न अपर्याप्त भएको पाइयो ।

### ४.१.९ व्यवस्थापन समिति र व्यवस्थापकीय अवस्था

कुनै पनि संघ संस्थालाई अनुशासित, मर्यादित, सबल र सक्षम बनाउन त्यससँग सम्बद्ध व्यवस्थापकहरूको अहम् भूमिका हुन्छ । बालविकास केन्द्रको सर्वाङ्गीण विकासका पक्षहरूको प्रगति गर्न साथै केन्द्रको निरीक्षण,अनुगमन, नियन्त्रण तथा सुपरिवेक्षण गर्न प्रत्येक बालविकास केन्द्रमा ७ सदस्यीय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था निर्देशिकामा भएको भए पनि हाल बालविकास केन्द्र छुट्टै राख्ने नीति नभइ विद्यालयमा नै गाभिएकोले बालविकास केन्द्रको व्यवस्थापन समिति र विद्यालयको व्यवस्थापन समिति छुट्टाछुटै नभई एउटै भएको पाइयो । यो समितिमा ९ सदस्य रहने व्यवस्था शिक्षा नियमावलीले गरेकोमा सबै व्यवस्थापन समितिमा जनप्रतिनिधि नभएकोले ८ सदस्य मात्र रहेको पाइयो । व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि सम्बन्धित विद्यालयको तह उत्तीर्ण गरेको शैक्षिक योग्यता र अभिभावक हुनु पर्ने भन्ने नियम पालन गरेर अभिभावकहरूले आफूहरू मध्येबाट ४ जना छान्ने गरेको पाइयो । बाँकी ३ जनामा १ जना महिला रहने गरी छान्ने गरेको पाइयो । समितिको सचिवमा विद्यालयका प्रधानाध्यापक पदेन सदस्य सचिव रहने र कर्मचारी बैठकबाट आफूहरू मध्येको १ जना कर्मचारी प्रतिनिधि पठाउने गरेको पाइयो । यसरी बाँकी हुन आउने २ जना स्थानीय बुद्धिजीवी र चन्दादाताहरूबाट १/१ जना प्रतिनिधि व्यवस्थापन समितिको बैठकबाट मनोनित गर्ने गरेको पाइयो । यसरी गठीत समितिको कार्यकाल ३ वर्षको हुने र विद्यालयलाई व्यवस्थित गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरू निर्णय मार्फत गर्ने गरेको पाइयो । व्यवस्थापन समितिको अध्यक्षहरूको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७ :  व्यवस्थापन समितिको अध्यक्षहरूको अवस्था

| बालविकास केन्द्रको नाम | अनुभव वर्षमा | शैक्षिक योग्यता |
|---|---|---|
| शारदा उ.मा.वि. खराङ्ग १ | ३ | आइ.कम |
| बाणीविलास मा.वि. खराङ्ग ८ | ७ | एस.एल.सी |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | ३ | साक्षर |
| अरुण नि.मा.वि. खराङ्ग ७ | ३ महिना | एस.एल.सी |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | ३ | एस.एल.सी |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | ६ | साक्षर |

स्रोत : स्थालगत सर्वेक्षण,२०७०

माथि उल्लेख गरेको तालिका अनुसार अध्यक्ष एक केन्द्रमा ७ वर्ष अनुभव गरेको एक केन्द्रमा ६ वर्ष अनुभव गरेको, ३ केन्द्रमा ३ वर्ष अनुभव गरेको र १ केन्द्रमा ३ महिनाको मात्र अनुभव गरेको पाइयो । यी अध्यक्षहरू मध्ये १ जनाको शैक्षिक योग्यता आइ.कम.,३ जनाको एस.एल.सी. र २ जना साक्षर मात्र रहेको पाइयो । यी सबै केन्द्रमा व्यवस्थापन समितिले विद्यालय तथा बालविकास केन्द्रको भवन, शौचालय, खेल मैदान, पिउने पानीको व्यवस्थापन गर्दै समय समयमा केन्द्रको सञ्चालनमा रेखदेख निरीक्षण, नियन्त्रण र सहयोग पुऱ्याउने गरेको पाइयो । बालविकास केन्द्रका अभिभावकहरूलाई केन्द्रको विकासमा सहभागी गराउने, आर्थिक तथा मानविय स्रोत जुटाउन स्थानीय निकाय तथा संघ संस्थाहरूसँग समन्वयन गर्ने, आवश्यकता अनुसार बैठक बसेर समस्याहरूको बारेमा छलफल गरी निर्णय गर्ने गरेको पाइयो । कतिपय विषयमा नियर्णहरू कार्यान्वयन नभएका र ढिला सुस्तिका अवस्थाहरू पनि भएको पाइयो । बालविकास केन्द्रको समस्या समाधान गर्न सहयोगी कार्यकर्ताको पारिश्रमिक बृद्धि गर्न चन्दा संकलन गर्ने गरेको पाइयो । यसरी केन्द्रहरू संचालन गराउनमा कठिनाइ भएकोमा सम्बन्धित निकायको बेवास्ता भएको गुनासो व्यक्त गर्दै सुधार गर्नु पर्ने धारणा उनीहरूले राखेका छन् , जसलाई अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

### ४.१.१० विद्यालयका प्रधानाध्यापकको बालविकास केन्द्र व्ययवस्थापनमा भूमिका

बालविकास केन्द्रहरू सुरुआत क्रममा समुदायमा सञ्चालन गर्ने नीति भएको भए पनि वि.स. २०६३ साल देखि बालविकास केन्द्रहरू विद्यालयमा गाभेर स्थापना गर्ने व्यवस्था भएकोले बालविकास केन्द्रको गतिविधिले विद्यालयका प्रधानाध्यापकहरूलाई प्रभाव पार्ने भएको हुँदा प्रशासनिक अवस्था सम्बन्धमा चर्चा गर्नु आवश्यक हुने ठानिएको छ । बालविकास केन्द्रहरू विद्यालयमा गाभ्ने र स्थापना गर्ने व्यवस्था भए पश्चात सम्पूर्ण क्रियाकलापहरू प्रधानाध्यापकसँग सम्बन्धित भएको पाइयो । बालविकास केन्द्रको व्यवस्थापन समिति छुट्टै नहुने प्रशासनिक कार्य सम्पन्न गर्ने छुट्टै कार्यालय नहुने भई एकीकृत रुपमा कार्य सम्पादन गर्ने गरेको पाइयो । बालविकास केन्द्रहरू विद्यालयकै पूर्व प्राथमिक विद्यालयको रुपमा आबद्ध भएको पाइयो । यसरी विद्यालयकै अभिन्न पक्षको रुपमा रहेको बालविकास केन्द्रको सम्पूर्ण कक्षाहरूमा प्रधानाध्यापकको ध्यान पुग्नु पर्ने भएको देखिन्छ । विद्यालयको भन्नु नै बालविकास केन्द्रको र बालविकास केन्द्रको भन्नु नै विद्यालयको भन्ने मान्यताका साथ सबै क्रियाकलाप संचालन भई रहेको पाइयो । विद्यालयका प्रधानाध्यापक नै बालविकास केन्द्रका भौतिक, आर्थिक, सामाजिक, शैक्षिक अवस्थाको व्यवस्थापन गर्ने प्रशासकीय प्रमुख भएको पाइयो । प्रशासनिक रुपमा पनि सहयोगी कार्यकर्ता प्रधानाध्यापकको मातहतमा रहेर कार्य सम्पादन गर्ने गरेको पाइयो ।

बालविकास केन्द्रको समस्यालाई विद्यालय कै समस्याको रुपमा लिएर प्रशासनिक कार्य सम्पादन गर्ने गरेको पाइयो । यस अध्ययनको छनौटमा परेका ६ वटा बाल विकास केन्द्रका प्रधानाध्यापकहरू मध्येका धनबहादुर दाहालले भन्नु हुन्छ :

> बालविकास केन्द्रसँग सम्बन्धित भौतिक, आर्थिक, प्रशासनिक र शैक्षिक उन्नयनको लागि विद्यालय मार्फत बालविकास केन्द्रलाई साधन सम्पन्न बनाएर संचालन गराउन सकेमा बालविकास केन्द्रको प्रभावकारीतामा बृद्धिहुनुका साथै विद्यालयको शैक्षिक क्रियाकलाप र उपलब्धीमा समेत सुधार आएको छ ।

### ४.१.११ बालबालिकाहरूको विभिन्न पक्षको विकासको अवस्था

नेपाल सरकारले प्रत्येक बालविकास केन्द्रलाई सञ्चालन गर्न बालविकास कार्यक्रम सञ्चालन निर्देशिका , सहयोगी कार्यकता निर्देशिका, बालपुस्तिकाहरू उपलब्ध गराएको भएर पनि ३ वटा बालविकास केन्द्रहरूमा पाठ्यक्रम कार्यान्वयन निर्देशिका पाइयो र त्यसै अनुरुप क्रियाकलाप हुने गरेको पाइयो । बालविकास कार्यक्रममा बालबालिकाहरूलाई विभिन्न क्रियाकलापहरूमा सहभागी गराइ शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक उद्देश्य अनुरुप विशेष गरेर ४ पक्षहरूको विकास गराउन उपयुक्त कृयाकलाप गर्ने गरेको पाइयो । जसलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ :

#### क) शारीरिक पक्ष

शारीरिक पक्ष शरीरका सबै अंगहरूको मजबुत विकाससँग सम्बन्धित छ । क्रियात्मक विकासको पर्यायवाची नै शारीरिक विकास हो । शारीरिक विकास भन्नाले शरीरका सम्पूर्ण अंग र मांशपेशीहरूलाई सञ्चालन गरी विभिन्न क्रियाकलाप पूरा गर्नु हो । शारीरिक पक्षको विकासको लागि बालबालिकाहरूलाई उचाल्ने, फाल्ने, समाउने, च्यात्ने, पट्याउने, कोर्ने, रङ्ग लगाउने, फुटाउने, हातखुट्टा चाल्ने, चड्ने र ओर्लने, सतर्क र गोडाफाट (पिटी) जस्ता क्रियाकलापहरूमा सहभागी गराउने गरेको पाइयो । ती क्रियाकलापहरू गराउन कागज पुस्तक, भ्mोला, बट्टा, लठ्ठी, भकुन्डो, डोरी, चिप्लेटी, चाकाचुली, मादल, गुडिया, पेन्सिल, इलेजर सामग्रीहरूको प्रयोग गर्ने गरेको पाइयो । यसका लागि खेल, समस्या समाधान, अभिनय, नक्कल, प्रदर्शन विधिहरू प्रयोग गर्ने गरेको पाइयो ।

### ख) बौद्धिक पक्ष

बालबालिकाहरूको बौद्धिक पक्षको विकास गराउनका लागि बालविकास केन्द्रहरूमा बालबालिकाहरूका ज्ञानेन्द्रियहरूलाई प्रशिक्षित गराई रङ्ग, आकार, साइज, ध्वनी, स्वाद, स्पर्श, गन्ध सम्बन्धी चेतनाको विकास गराउन, वर्ण, संख्या, क्रम सम्बन्धी धारणाको विकास गराउँदै छलफल, कथा, कविता, गीत, नाटक, अभिनय, कथा कथन, विधिहरू प्रयोग गरी उनीहरूमा सुन्न, भन्न, क्रममिलाउन, जवाफ दिने अभ्यास गराउने गरेको पाइयो ।

बौद्धकि पक्षको ज्ञान गराउनको लागि वास्तविक वस्तु छोएर, हेरेर, सुनेर, सुँगेर, स्वाद, लिएर, गराउने गरेको पाइयो । कुनै वातावरणमा भएको वस्तु, चिजबिज, व्यक्ति बारे तथ्य ज्ञान प्राप्त गर्नुलाई बौद्धिक पक्षको विकास भएको मानिन्छ । यस्तो वातावरणसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सञ्चालन गर्न नसकेको भए पनि आंशिक रुपमा भने गर्ने गरेको पाइयो ।

### ग) सामाजिक पक्ष

बालबालिकाहरूलाई समूहमा मिलेर बस्न सामूहिक कार्य गर्न अनुभव आदान प्रदान गर्न र सामाजिक जीवन यापन गर्न अभिप्रेरित गराउनु नै सामाजिक पक्षको विकास हो । समूहमा मिलेर बस्नको लागि समूहले बालबालिकाहरूलाई स्वीकारेको हुनु पर्दछ । उनीहरूको विकासको लागि बालबालिकामा हुनु पर्ने सीप, मूल्य, मान्यता, क्षमता र दृष्टिकोणहरूको विकास हुनु पर्दछ । उमेरअनुसार यी क्रियाकलापहरू फरक फरक हुन्छन् र सिक्ने क्रम पनि क्रमबद्ध हुन्छ । हर्लकले सामाजिक विकास गर्नुको अर्थ ‘सामाजिक परिपक्वता प्राप्त गर्नु हो’ भनेका छन् (ढुङ्गाना, २०६३ बाट उदृत्) ।

यस अध्ययनको छनोटमा परेका सबै बालविकास केन्द्रहरूले बालबालिकाहरूलाई सामाजिक पक्षको विकास गराउन मिलेर बस्ने, मिलेर खेल्ने चाडबाडबारे छलफल गराउने, एक अर्कालाई सहयोग गराउने सामूहिक गीत गाउन लगाउने, पालो पर्खन लगाउने, अरुले खाँदा खान सिकाउने, सबै मिलेर सरसफाई गर्न लगाउने, गीत, कविता, कथा भन्न लगाउने, आफूभन्दा ठूलाव्यक्तिलाई आदर गर्न लगाउने, आदर गरेर बोल्न लगाउने किसिमका क्रियाकलापहरू गराउने गरेको पाइयो । पालोपालो गर्दै सामग्रीहरूको प्रयोग गर्ने र पालोपालो गर्दै प्रश्नउत्तर, छलफल, कथा कथन, नाटक, अभिनय क्रियाकलापमा भाग लिन लगाएर सामाजिक पक्षको विकास गराउने गरेको पाइयो ।

घ) संवेगात्मक पक्ष

संवेग शब्दको अंग्रेजी इमोसन हुन्छ । यो ल्याटिन भाषाको इमोभरबाट विकसित भएको हो । जसको अर्थ चल्नु वा खलबल्याउनु भन्ने हुन्छ । व्यक्तिमा हुने आवेग वा उत्तेजनासँग सम्बन्धित पक्ष नै संवेग हो । उडवर्थले भनेको अनुसार ‘संवेग शब्दले कुनै पनि प्राणीको गतिशिल अवस्थालाई जनाउँछ (ढुङ्गाना,२०६३) ।

त्यसरी नै क्रो एण्ड क्रोको अनुसार ‘संवेग भनेको भावनात्मक अनुभव हो, जुन अनुभवले मानिसलाई मानसिक र मनोवैज्ञानिक गति प्रदान गर्न सक्दछ । यो मानसिक गतिशीलता मानिसको बाह्य व्यवहारमा देखापर्दछ (ढुङ्गाना,२०६३) ।

खिम्वाल योंगको अनुसार ‘संवेग भन्नाले कुनै पनि जीवात्मामा उत्पन्न हुने एउटा मनोवैज्ञानिक अवस्था हो ।’ बालविकास केन्द्रका बालबालिकाहरूसँग सम्बन्धित संवेग भन्नाले उनीहरूमा रिस, डर, उत्सुकता, डाहा, दुःख, हर्ष, चिन्ता, माया, उत्तेजना, उत्पन्न हुनु हो । यस्ता संवेगहरूलाई आवश्यकता अनुसार प्रष्फुटन गर्नु र नियन्त्रण गर्न सक्नुलाई संवेगात्मक विकास भनिन्छ ( शिक्षा विभाग, २०५८) ।संवेगात्मक विकास गर्नका लागि बालबालिकाहरूलाई कथा, नाटक, प्रतिक्रिया व्यक्त गर्ने, अभिनय गर्ने, संवेग झल्काउने चित्रका आकृतिहरूको व्याख्या गर्ने र नक्कल गर्न लगाउने रिस, डर, माया जस्ता व्यवहारलाई प्रदर्शन गर्न तथा नक्कल गर्न लगाउने जस्ता क्रियाकलापहरू गराउने गरेको पाइयो । सबै बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले कुराकानी, शोधपुछ, छलफल विधिहरू र खेलविधिहरू प्रयोग गर्ने गरेको पाइयो, भने प्रर्दशन नाटकीकरण जस्ता विधि कम प्रयोग गर्ने गरेको पाइयो । बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले नजिकको साँस्कृतिक कार्यक्रममा बालबालिकाहरूलाई अवलोकन गराउन लाने गरेको भन्ने बताएका छन् ।

### ४.१.१२ मूल्याङ्कन प्रणाली

बालविकास केन्द्रमा सञ्चलन गरेका निश्चित समयको क्रियाकलाप पश्चात बालबालिकाहरूको व्यवहारमा के कस्तो परिवर्तन भयो अथवा उनीहरूमा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षहरूमा कुन गतिमा कस्तो परिवर्तन भयो वा भएन भनेर थाहा पाउन अपनाइने प्रक्रिया नै मूल्याङ्कन हो । उनीहरूको मूल्याङ्कन गर्नको लागि कुन कुन साधानहरू प्रयोग गरेका थिए भन्ने बारेमा अध्ययन गर्दा छनोटमा परेका सबै बालविकास केन्द्रहरूमा बालबालिकाहरूको क्रियाकलापहरू अवलोकन गरी रेकर्ड राख्ने गरेको पाइयो । यसरी नै लिखित, मौखिक र प्रयोगात्मक परीक्षा लिई क्षमता अनुसार श्रेणीकरण गर्दै रेकर्ड राख्ने गरेको पाइयो । यसरी

बालविकास केन्द्रले उनीहरूको व्यवहारमा आएको परिवर्तनको आधारमा परीक्षाफल प्रकाशन गर्ने गरेको पाइयो ।

## ४.२ बालविकास केन्द्रले विद्यालयको शैक्षिक प्रभावकारीता बृद्धि गर्न खेलेको भूमिका

प्रस्तुत छनौटमा परेका बालविकास केन्द्रहरूबाट सङ्कलित सूचनाहरूको प्रस्तुतिकरणको आधारमा विद्यालयमा आधारित बालविकास केन्द्रले विद्यालयको शैक्षिक प्रभावकारीता बृद्धि गर्न निम्नानुसार भूमिका निर्वाह गर्दछ ।

### ४.२.१. विद्यार्थीहरूसँग  सम्बन्धित भूमिका

विद्यालयमा आधारित बालविकास केन्द्रले विद्यालयको शैक्षिक प्रभावकारीता बृद्धि गर्नका लागि विद्यार्थीहरूलाई समयमै भर्ना गर्ने, नियमित रुपमा विद्यालयमा उपस्थित हुने, अनुशासन तथा नियमहरूको पालना गर्ने, शैक्षिक तथा खेल सामग्रीहरूको प्रयोग र हिफाजात गर्ने, सरसफाई गर्ने, समयको पालना गर्ने, पालो पर्खने, गुरु, गुरुआमा लगायत अभिभावकहरूसँग शिष्टशैलीमा बोल्ने र व्यवहार गर्ने बानीको विकास गराएर सहयोग पुऱ्याउँदछ । जसले उनीहरूलाई योग्य र सक्षम नागरिक बन्न सहयोग पुऱ्याउँने देखियो ।

### ४.२.२. अभिभावकसँग सम्बन्धित भूमिका

बालविकास केन्द्रका अभिभावकहरू पनि विद्यालयका थप अभिभावक हुन् । विद्यालयका अभिभावकहरू नै विद्यालयका सञ्चालक हुन् । तिनीहरू मध्येबाट नै व्यवस्थापन समितिको छनौट हुने व्यवस्था मौजुदा नियम रहेको छ । अभिभावकहरूले समयमै विद्यार्थी भर्ना गरेर, नियमित विद्यालय पठाएर, बालबालिकाहरूलाई आवश्यक शैक्षिक तथा खेल सामाग्रीहरू खरीद र निर्माण गरी दिएर, पोशाकको व्यवस्था र सरसफाई गरी दिएर, पौष्टिक आहाराको व्यवस्था गरी दिएर, विद्यालयको आर्थिक तथा भौतिक विकासमा सहयोग गरेर, समयसमय बैठक तथा आमसभामा उपस्थित भई सल्लाह र बिचार प्रदान गरेर, अनुगमन, अवलोकन, सुपरिवेक्षण र नियन्त्रण गरेर विद्यालयको वातावरण असल बनाउन सहयोग गर्दछन् । यसरी विद्यालयको शैक्षिक प्रभावकारीता बृद्धि गर्नमा उनीहरूले थप सहयोग पुऱ्याएको देखियो ।

### ४.२.३. प्रशासन तथा व्यवस्थापन सम्बन्धी भूमिका

बालविकास केन्द्र र विद्यालयको एउटै कार्यालय हुने र प्रधानाध्यापनक पनि एकै जना व्यक्ति हुने भएको हुँदा कक्षा १ मा भर्ना हुने विद्यार्थी संख्याको बारेमा अग्रिम जानकारी हुने देखियो । विद्यार्थी संख्याबारे जानकारी हुँनाले विद्यार्थी संख्याअनुसार विद्यालयको भवन, कक्षा कोठा, फर्निचर, शैक्षिक तथा खेल सामग्री, पानी तथा शौचालय, खेलमैदान, अभिलेख पुस्तिकाको व्यवस्थापन गर्न र प्रशासनिक व्यवस्था मिलाउन सजिलो भएको देखियो । जसले गर्दा विद्यार्थी भर्ना हुँनासाथ कक्षा सञ्चालन गर्न सहयोग पुग्ने देखियो । परिणाम स्वरुप विद्यालयको प्रभावकारीता बृद्धि हुने देखियो ।

### ४.२.४. शैक्षिक प्रभावकारीता बृद्धिसम्बन्धी भूमिका

बालविकास केन्द्र र विद्यालय एउटै स्थानमा सञ्चालन भई रहेका छन् । बालविकास केन्द्रमा आउने बालबालिकाहरू विद्यालय आउने बानी भईसकेका हुने देखियो । जसलेगर्दा कक्षा १ मा भर्ना भएपछि तिनीहरूको उपस्थिति नियमित हुँने देखिन्छ । विद्यार्थीहरू मिलेर बस्ने, खेल्ने र हिँडडुल गर्ने बानी भईसकेका भई सकेका हुँने देखियो । उनीहरू खेल खेल्ने सामग्रीहरू र सिकाइ सामग्रीहरू प्रयोग गर्ने बानी भईसकेका हुँने देखियो । व्यक्तिलाई चिनेर अनुशासित रुपमा बोल्न र व्यवहार गर्न बानी भई सकेका हुँने देखियो यसरी बालविकास केन्द्रको कक्षा पास गरेर कक्षा १ मा भर्ना हुने विद्यार्थीहरू चाँडो चाँडो र प्रयोगात्मक रुपमा ज्ञान तथा सीप सिक्न तयार भई सकेको हुँने देखियो । तयारी अवस्थाको विद्यार्थीहरूलाई विद्यालयले कक्षा १ मा प्रवेश गराउने हुँदा तिनीहरूको सिकाइ पनि चाँडो र प्रभावकारी हुँने देखियो । बालविकास केन्द्रमा नगई समुदायबाट सोझै विद्यालयमा आउने विद्यार्थीहरूलाई विद्यालयमा आउने र साथीहरू तथा गुरु गुरुमासँग परिचय हुन धेरै समय अवश्य नै लाग्ने देखियो । बालविकास केन्द्रमा नगएका विद्यार्थीहरूमा भन्दा बालविकास केन्द्र कक्षा पास गरेर विद्यालय प्रवेश गरेका विद्यार्थीहरूले चाँडो चाँडो सिक्ने देखियो । चाँडो र प्रभावकारी रुपमा सिक्न सक्ने हुँदा विद्यालयको सिकाई उपलब्धी पनि बृद्धि हुने देखियो ।

### ४.२.५. शिक्षण प्रभावकारी बनाउँन सहयोगी भूमिका

बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमा शैक्षिक सामग्रीहरू प्रयोग गरेर सिक्ने बानीको विकास भई सकेको हुनाले कक्षा १ मा शिक्षण गर्ने शिक्षकले शैक्षिक सामग्री प्रयोग

गराएर चाँडो भन्दा चाँडो र प्रभावकारी रुपमा कक्षाकार्य सम्पादन गर्न सक्ने देखियो । परिणाम स्वरुप कक्षा शिक्षण सफल हुन्छ र सिकाइ उपलब्धी पनि बृद्धि हुँने देखियो ।

### ४.२.६. विद्यालयको सम्बन्ध र सहयोग बृद्धि गर्ने भूमिका

विद्यालयको अभिभावक र बालविकास केन्द्रको अभिभावक भिन्न भिन्न व्यक्तिहरू समेत हुँने देखियो । बालविकास केन्द्रका अभिभावकहरू पनि विद्यालयकै अभिभावक सरह हो । विद्यालयलाई आवश्यक परेको समयमा बालविकास केन्द्रका अभिभावकहरूले पनि विद्यालयका अभिभावक सरह सहयोग पुऱ्याउँने देखियो । यसरी विद्यालयका अभिभावकले जस्तै बालविकास केन्द्रका अभिभावकले पनि विद्यालयलाई आवश्यक सहयोग, सल्लाह र सुझाव प्रदान गर्ने र विद्यालयमा बालविकास केन्द्रका अभिभावकहरूको पनि आगमन भईरहने भएकोले विद्यालयसँगको सहयोग र सम्बन्धमा पनि बृद्धि भएको पाइयो ।

### ४.२.७. विविध भूमिका

बालविकास केन्द्रमा शिक्षण गर्ने सहयोगी कार्यकर्तालाई विद्यालयले थप सुविधामा सहयोगी काम लगाउन सक्ने देखियो । बालविकास केन्द्रमा प्रयोग गरिने शैक्षिक सामग्री तथा खेल सामग्रीहरू र अन्य सामग्रीहरू विद्यालयको आवश्यकता अनुसार विद्यालयले उपयोग गर्न पाउने देखिन्छ । सहयोगी कार्यकर्ताबाट सूचनाको आदानप्रदानमा विद्यालयलाई सहयोग पुग्ने देखिएको छ ।

## ४.३ बालविकास केन्द्र सञ्चालनमा देखापरेका समस्याहरू

विष्ट (२०५०) ले अनौपचारिक शिक्षा सीप उन्मुख, व्यवहारिक, वातावरण प्रधान तथा समय सापेक्ष हुन्छ भनी उल्लेख गरेका छन् । सीप उन्मुख र व्यवहारिक बनाउन प्रयोगात्मक रुपमा कक्षा सञ्चालन गर्नु पर्ने हुन्छ । आवश्यक भौतिक तथा शैक्षिक सामग्रीको अभावमा प्रयोगात्मक र खेल प्रधान नभई सैद्धान्तिक रुपमा कक्षा सञ्चालन भएको पाइन्छ । बालबालिकाहरूमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षहरूको विकास गरी राष्ट्रका निमित्त भविष्यमा कर्णधार बन्ने बालबालिकाहरूको हकहित एवम् अधिकारको संरक्षण र सम्बर्धन गर्ने तथा वातावरणसँग सामञ्जस्यता कायम गर्दै बाँच्नका लागि सामाजिक रूपमा घुलमिल हुने आधारभूत सीपको विकास गर्ने उद्देश्य अनुरुपका पाठ्यक्रमहरू तयार भएपनि नीति अनुरुप कार्यान्वयन पक्ष त्यति सवल भएको पाइँदैन । विभिन्न समस्याहरूसँग सघर्ष गर्दै भएपनि बालविकास केन्द्रहरू सञ्चालन भई रहेको

पाइयो । प्रश्नावलीहरूबाट प्राप्त जानकारी र स्थलगत अध्ययनका क्रममा बालविकास केन्द्रहरूको भौतिक, शैक्षिक तथा प्रशासनिक पक्षहरूको अवस्था बुझ्न व्यवस्थापन समितिका अध्यक्षहरू, सहयोगी कार्यकर्ताहरू, अभिभावकहरू र विद्यार्थीहरूका प्रतिक्रिया र कक्षा अवलोकन फारामबाट प्राप्त सूचनाका आधारमा देखिएका समस्याहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.३.१ भौतिक व्यवस्थापन सम्बन्धी समस्या

क) भवन तथा कक्षा कोठा सम्बन्धी समस्या : यस अध्ययनको छनौटमा परेका बालविकास केन्द्रमा भवनहरू ढुंगोमाटोको गाह्रो र कर्कट पाताको छानो भएका पक्की भवनहरू छन् । ती भवनमा भएका कक्षाकोठाहरू लिउन् प्लाष्टर नगरीएको र भूईमा ढलाई नभएका  छन् । कक्षाकोठाहरूको आकार पनि विद्यार्थीसंख्या अनुसारका छैनन् । कक्षाकोठामा राखिएको झ्याल ढोकाहरू टुट्फुट्भएर खोल्न र बन्दगर्नै नपर्ने भैसकेका छन् । कतिपय कक्षाकोठाको आकार सानो हुनु, लिउन प्लाष्टर राम्रो नहुनु, झ्याल ढोकाको अवस्था नाजुक हुनुले विद्यालय भवन र कक्षाकोठाको अवस्था कमजोर र अनाकर्षक हुँदाहुँदै पनि कक्षा सञ्चालन भई रहेको अवस्था छ ।

ख) फर्निचर सम्बन्धी समस्या : बालविकास केन्द्रमा उमेर अनुसारका पर्याप्त मात्रामा बस्ने सरसामान व्यवस्थित गर्ने फर्निचरहरूको कमि छ ।  बस्नका लागि गुन्द्री, पिरा, कार्पेटहरू प्रयोग भई रहेका छन् भने अन्य सामग्रीहरू पुराना तथा बिग्रेका भाँचिएका कमजोर दराज तथा बाकसहरूमा राखेर हिफजात गर्ने गरेको अवलोकनका क्रममा देखिएको छ । आवश्यकता अनुसारको फर्निचर कालो वा सेतो पाटी दराज नभएकोमा सहायोगी कार्यकर्ताहरू समस्या भएको गुनासो गर्दछन् ।

ग) पिउने पानी सम्बन्धी समस्या : छनौटमा परेका सबै बालविकास केन्द्रहरूमा पानीको व्यवस्था भएर पनि स्रोतबाट पानी प्राप्त हुन्छ भनेर भर पर्न हुने अवस्था छैन । पानी कहिले स्रोतबाट नै आउँदैन कहिले बीचबाटैमा बिग्रन्छ । सबै केन्द्रहरूमा नियमित रुपमा पिउने पानीको भरपर्दोपना भएको पाइँदैन । विद्यालय वा केन्द्रमा पानी आएमा पनि पानीको अवस्था धमिलो, दुर्गन्ध आउने कारणबाट राम्रो हुँदैन । यस्तो कमजोर अवस्थाको पानीलाई शुद्ध गर्ने, छान्ने कुनै अर्को विधि प्रयोग गर्ने गरेको भर पर्दो आधार भेटिएन । ६ वटा केन्द्र मध्ये दुईवटा केन्द्रमा पानी छान्ने फिल्टर भएको पाइयो । त्यो पनि कम प्रयोग अपर्याप्त मात्रामा भएको देखियो । यसरी पर्याप्त र शुद्ध पिउने पानीको व्यवस्था नहुनु र बालबालिकाहरूले आफै धाएर वा बोतलमा पानी ल्याएर व्यवस्था गर्नुलाई बालविकास केन्द्रमा देखिएको पिउने पानीको समस्याका रुपमा लिन सकिन्छ ।

घ) खेलमैदान सम्बन्धी समस्या : विद्यालय र बालविकास केन्द्र संयुक्त रुपमा सञ्चालन भई रहेका छन् । विद्यालयको आफ्नै जग्गा र भवन भएर पनि खेल मैदान प्रर्याप्त भएको पाँइदैन । कतिपय विद्यालयहरूको खेल मैदान भवन निर्माण गर्दा नै साँधुरो भइसकेको देखिन्छ । भइरहेको खेलमैदानहरू पनि उमेर वा तह अनुसारका खेलहरू खेल्न पालो कुर्नु पर्ने र अपर्याप्त आकारका छन् । कतिपय खेलमैदानहरू घेराबारा नभएको अवस्थामा भएकाले खेल खेल्न डराउनु पर्ने अवस्था देखिन्छ । कतिपय खेलमैदानहरू हिउँदमा धुलो र वर्षामा हिलो भई खेल्न योग्य हुँदैनन् । खेल मैदानहरू भिरालो र खाल्डा खुल्डी समेत भएकाले खेल्न योग्य नभएको अवस्था पनि देखिएको छ । यसरी खेलमैदानसँग विभिन्न प्रकारका समस्याहरू रहनु र आवश्यक समयमा चाहेजस्तो खेल खेल्न बालबालिकाहरूलाई असहज हुनाले खेलमैदान सम्बन्धी पनि समस्या रहेको छ ।

ङ) शौचालय सम्बन्धी समस्या : बालविकास केन्द्रहरूमा शौचालयको व्यवस्था भएको पाइन्छ तापनि शौचालयलाई उपयुक्त तरिकाले प्रयोग गरेको ३ वटा केन्द्रमा चाँहि देखिदैन । बालविकास केन्द्रहरूमा पानीको अभाव भई शौचालयको प्रयोग राम्ररी हुन सकेको छैन । प्रयोग भई रहेका शौचालयहरू पनि सरसफाइको कमीको कारण दुर्गन्धयुक्त र प्रदुषित छन् । नियमित सरसफाइ र दुर्गन्ध हटाउने उपचार गरिएको अवस्थामा छैनन् । यसरी शौचालय भएर पनि तिनीहरूको प्रयोग परिचालनको उपयुक्त व्यवस्था नहुनु समस्या कै रुपमा रहेको पाइन्छ ।

## ४.३.२ शैक्षिक सामग्री सम्बन्धी समस्या

शैक्षिक सामग्रीको अभावमा प्रयोग प्रदर्शन तथा उपयुक्त ज्ञान, प्रदान गर्न कठिन हुन्छ । शैक्षिक सामग्रीको राम्रो व्यवस्था भएन भने पाठ्यक्रमले राखेका उद्देश्यहरू पुरा हुँदैनन् । त्यसर्थ अध्ययन गरिएका बालविकास केन्द्रहरूमा अपर्याप्त शैक्षिक सामग्रीको कारण विद्यार्थीहरूको सिकाइमा व्यवधान आएको तर्फ सहयोगी कार्यकर्ताको गुनासो रहेको छ । बालबालिकाहरू खेलमा रमाउने हुँदा जुनसुकै कुरालाई पनि खेल सामग्री र खेल विधि प्रयोग गरेर सिकाउन सहज हुन्छ भने खेलबाट शारीरिक पक्षको विकास गराउन पनि उपयोगी हुन्छ ।

छनौट गरिएका ६ वटा केन्द्रहरूमा पर्याप्त खेल सामग्री छैनन् । केन्द्रमा भएका सामग्रीहरू पनि विद्यार्थीसंख्याको तुलनामा कम रहेका छन् । श्रव्य, दृष्य सामग्री सबै केन्द्रमा छैनन् । सबै केन्द्रहरूमा वर्ण चार्ट, संख्या चार्ट, क्रम चार्ट, चित्रहरू, तस्विरहरू, काठका र बाँसका ब्लकहरू टिनका बट्टाहरू मादल, सिठी, डोरी, ऐना, रुमाल, काइयो, रंगीन कागज, गुडिया, पुस्तकहरू,

पाठ्यक्रम तथा निर्देशिकाहरू, तालिम पुस्तिकाहरू रहेका छन् भने केही केन्द्रहरूमा यी उल्लेख भएका सामग्रीहरू पनि कम मात्रामा मात्र छन् । यति हुँदाहुँदै पनि पाठ्यक्रमको उद्देश्य पूरा गर्न थप सामग्री आवश्यक पर्ने कुरामा सहयोगी कार्यकर्ता, स्रोतव्यक्ति र अभिभावकहरूको एउटै मत रहेको छ ।

यसरी पाठ्यक्रमको उद्देश्य हाँसिल गराउनका लागि उपयुक्त शैक्षिक सामग्रीहरू बालविकास केन्द्रमा उपलब्ध नहुनुलाई समस्याको रुपमा लिइएको छ । यी सामग्रीहरूको अभावमा सिकाइ क्रियाकलाप प्रभावित भएको छ ।

### ४.३.३ सहयोगी कार्यकर्ता सम्बन्धी समस्या

बालविकास केन्द्रमा १ जनामात्र सहयोगी कार्यकर्ता कार्यरत रहेका छन् । एक जनाले मात्र बालबालिकाहरूको स्याहार सुसार गर्न कठिन भएको साथै कहिलेकाही बिरामी पर्ने, केन्द्रको काममा बाहिर जानु पर्ने र तालिम गोष्ठिमा जाँदा पूरै केन्द्र बन्द गर्नुपर्ने स्थिति  हुन्छ ।

सहयोगी कार्यकर्ता भर्खर कक्षा १२ र एस.एल.सी. पास गरेका र अनुभव नभएको अवस्थामा नै नियुक्ति हुने हुँदा उनीहरूमा पूर्ण ज्ञान र अनुभव कम भएको भन्ने पइयो ।  उनीहरूमा कतिपय ज्ञानको कमी हुन्छ र स्वः अध्ययन सामग्रीको आवश्कयता महसुस गरेका छन् । तालिमको नाममा सबैले जम्मा ३ हप्ते परिचयात्मक तथा सामग्री निर्माण सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागी हुने अवसर पाएका छन् । तर लामो समयको पूर्णकालिन् तालिमको अवसर प्राप्त गर्न सकेका छैनन् । तालिमको अभावमा बालबालिकाहरूको मनोविज्ञान बुझ्केर उपयुक्त विधि र सामग्रीको प्रयोग गरी बालबालिकाहरूलाई आवश्यक क्रियाकलापमा सहभागी गराउन समस्या भएको सहयोगी कार्यकर्ताको धारणा छ ।

सहयोगी कार्यकर्ताले केन्द्रमा काम गरे वापत प्रत्येकलाई सरकारले मासिक रु ३,०००।- पारिश्रमिकको व्यवस्था गरेको छ । यो पारिश्रमिक न्यून भई सहयोगी कार्यकर्ताले गुनासो राख्ने गरेकोले अभिभावक, विद्यालय तथा स्थानीय संस्थाहरूबाट रकम थप गरिदिने गरेको पनि पाइयो । थप रकमसँगै थप जिम्मेवारी दिएर थप समयसम्म काम गर्नु पर्ने भएको समेत पाइयो । अध्ययन गरिएका केन्द्रहरूमा कम्तिमा रु ३,०००।-  र बढीमा रु ५,५००।- सम्म पारिश्रमिक पाउने गरेको पाइयो । सबै सहयोगी कार्यकर्ताहरू आ-आफ्नो पारिश्रमिकमा सन्तुष्ट भएका छैनन् । दैनिक रुपमा चार पाँच घण्टा काम गरेर पनि दुई छाक धान्न नपुग्ने पारिश्रमिक प्राप्त गर्ने सहयोगी कार्यकर्ताहरू निराश देखिन्छन् । पारिश्रमिक कम भएको कारण घरमा रहँदा र केन्द्रमा गएर आवश्यक शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र व्यवस्थापन गरेर आवश्यक ज्ञान प्राप्त गर्ने र प्रदान गर्ने जस्ता

काममा असमर्थ भएको स्वीकार गर्दछन् । यसरी प्रमुख जिम्मेवारी निर्वाह गर्ने सहयोगी कार्यकर्ता नै निराश भएपछि बालविकास केन्द्रको क्रियाकलाप पनि प्रभावित भएको देखिन्छ ।

### ४.३.४ व्यवस्थापकीय समस्या

बालविकास केन्द्र सञ्चालनको लागि गठन भएका व्यवस्थनपन समितिका अध्यक्ष लगायत पदाधिकारीहरूको शैक्षिक योग्यता न्यून रहेको छ । उनीहरूमा बालविकास केन्द्र सञ्चालनको अनुभव पनि थोरै वर्षको मात्र छ । उनीहरूलाई कुनै पनि संघ संस्थाले आवश्यक तालिमको व्यवस्था गरेको पाइँदैन । उनीहरूमा स्थानीय स्रोतसाधानहरूलाई परिचालन गरेर बालविकास केन्द्रमा भौतिक व्यवस्था तथा खेल र शैक्षिक सामग्री आपूर्ति गर्ने, आर्थिक क्षेत्रका स्रोतहरूको पहिचान गर्ने र व्यवस्थापन गर्ने जस्ता ज्ञानको कमी छ । जे जस्तो ज्ञान भएपनि स्थानीय स्रोत साधनहरूलाई प्रयोग गर्ने क्षमताको अभावको कारणले केन्द्रको व्यवस्थापकीय पक्ष कमजोर भएको पाइन्छ । यसको साथै सरकार, सरकारी तथा गैह्न सरकारी संघ संस्था, व्यवस्थापन समिति र अभिभावकहरूको एक आपसमा समझदारीको अभाव छ । समझादारी र समन्वय भएको भएपनि कार्यान्वयन हुन नसकेको कुरा व्यवस्थापन समिति स्वीकार गर्दछ । नियमित रुपमा व्यवस्थापन समितिको बैठक बस्न नसकेको कारणले भौतिक, आर्थिक तथा शैक्षिक अवस्थामा सुधार ल्याई आशा अनुसारको प्रतिफल प्राप्त हुन सकिरहेको छैन ।

### ४.३.५ निरीक्षण र मूल्याङ्कन सम्बन्धी समस्या

सहयोगी कार्यकर्ताहरूको अनुसार कक्षा सञ्चालनको क्रममा सुपरिवेक्षक वार्षिक रुपमा एक पटक प्रमाण–पत्र वितरण गर्ने अवसरमा मात्र आउने गरेको र उपयुक्त सल्लाह र सुझाव नदिइकन फर्किएको भन्ने जानकारी प्राप्त भयो । विद्यालय व्यवस्थापन समितिबाट पनि सुपरिवेक्षण र निरीक्षण वर्षमा १ पटक मात्र हुने गरेको जानकारी पाइयो । विद्यालयका प्रधानाध्यापकबाट भने महिनामा एक पटक सुपरिवेक्षण तथा निरीक्षण हुने गरेको जानकारी पाइयो । यसरी सम्बन्धित सुपरिवेक्षकहरूबाट समयमा सुपरीवेक्षण तथा निरीक्षण नहुनुले समस्या उत्पन्न भएको छ । निरीक्षणबाट भौतिक अवस्था, शैक्षिक अवस्था, स्रोत साधनहरूको परिचालनको अवस्था, बालबालिकाहरूको लक्षित उपलब्धीको अवस्था, सहयोगी कार्यकर्ताको नियमित क्रियाकलापको अवस्था, अभिभावकहरूको विद्यार्थीहरूलाई नियमित गरिदिने अवस्था, क्रियाकलाप सञ्चालनमा देखापरेका चुनौतिहरूको अवस्था के कस्तो छ, तिनीहरूलाई सुल्झाउन के कसरी सकिन्छ, भन्ने विषयमा सम्बन्धित सहयोगी कार्यकर्ता, व्यवस्थापन

समिति, अभिभावकहरू, निरीक्षक, जिल्ला शिक्षा कार्यालय वा स्रोतव्यक्तिको कार्यालय र सरकारी तथा गैह्र सरकारी निकायहरू बीच समन्वनय गरी सही मूल्याङ्कन तथा अनुगमन समयमा हुन नसक्नु समस्या भएको छ । यसले गर्दा समयमा समाधान गर्न सकिने समस्याहरू समेत समाधान हुन सकेका छैनन् ।

### ४.३.६ स्थानीय स्रोत परिचालन र अन्य समस्या

अवलोकनको क्रममा सानासाना समस्या सुल्झाउन पनि आर्थिक सहयोगका लागि माथिल्लो निकायको मुख ताक्नु पर्ने पद्धतिको विकास भएको पाइएको छ । समस्या समाधानको लागि स्थानीय स्रोत साधनको प्रयोग पर्याप्त भएको पाइएन । यस अध्ययनको छनौटमा परेका केन्द्रहरूमा पौष्टिक आहाराको व्यवस्था गर्न सकिएको छैन । बालविकास केन्द्रहरूमा आउने बालबालिकाहरू खाजाको लागि घरबाटै चिउरा, बिस्कुट, चाउचाउ, भुजिया जस्ता कम पोषणयुक्त खानेकुराहरू ल्याउने गरेका छन् भने निम्न पारिवारिक अवस्था भएका बालबालिकाहरू खाजा बेगर नै आएर भोकै बस्नु परेको अवस्था पनि छ । बालबालिकाहरू पोषणयुक्त खानाको अभावमा रिष्टपुष्ट र स्वस्थ हुन सकेका छैनन् । खाजा र खानाको कमी भएको कारणले बालविकास केन्द्रमा आउने बालबालिकाहरूलाई क्रियाकलापमा सक्रिय रुपमा सहभागी गराउन कठिनाइ भएको सहयोगी कार्यकर्ताहरू बताउँछन् । बालबालिकाहरूको नियमित स्वास्थ्य परिक्षण गर्नु पर्नेमा यस अध्ययनको क्षेत्र भित्रका सबै बालविकास केन्द्रहरूमा नियमित स्वास्थ्य परीक्षण हुने गरेको पाइएन । बालविकास केन्द्रहरूमा प्राथमिक उपचारका सामग्रीहरू नभएकोले सामान्य बिरामी वा चोटपटक लागेमा पनि सहयोगी कार्यकर्ताले केन्द्र नै बन्द गरेर घर वा अस्पताल पुऱ्याउनु पर्ने बाध्यता रहेको अभिभावकहरू र सहयोगी कार्यकर्ताहरू बताउँछन् ।

## ४.४ बालविकास केन्द्रहरू सञ्चालनमा देखापरेका समस्या समााधानका उपायहरू

वि.स. २०५८ साल देखि सुरुआत भई सञ्चालमा रहेका बालविकास केन्द्रहरूमा देखा परेका समस्याहरू धेरै छन् । यी समस्याहरूको बाबजुद पनि बालविकास केन्द्रहरू सञ्चालन भई रहेको अवस्था छ । उद्देश्यअनुसार पूर्ण प्रतिफल प्राप्त गर्न सकेको अवस्था छैन । बालविकास केन्द्रहरूमा देखिएका समस्याहरूलाई हटाएर शुलभ, नियमित र प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने आवश्यकता देखिन्छ । बालविकास केन्द्रहरूलाई सरल, सहज, वैज्ञानिकतालाई ध्यानमा राखी अध्ययनको क्रममा स्रोतव्यक्ति, अभिभावक, व्यवस्थापन समितिका अध्यक्ष, सहयोगी कार्यकर्ता,

प्रधानाध्यापक. र विद्यार्थीहरूको समेतको बिचारबाट समस्या समाधानको लागि निम्न उपायहरू अवलम्न गर्नु पर्ने देखिएको छ।

### ४.४.१ भौतिक सुविधाको व्यवस्था

भौतिक अवस्थालाई सुदृढ बनाउन समुदायमा चेतना बढाउने कार्यक्रम सञ्चालन गरी केन्द्रप्रति उत्तरदायी बनाउँदै स्थानीय स्रोत साधनहरूलाई प्रयोग परिचालनको राम्रो व्यवस्था गर्नु पर्ने हुन्छ। यतिले मात्र भौतिक सुविधा सम्पन्न हुँनसक्दैन। यसका लागि समाजको अगुवा व्यक्तिहरू र राजनितिक नेताहरूले स्थानीय साधानहरूको प्रयोग गरिचालन गराउनुको साथै स्थानीय सरकार र गैह्रसरकारी संघसंस्थाहरूको समेत ध्यानाकर्षण गराई बालविकास केन्द्रको लगानीमा बृद्धि गर्नु पर्दछ। अभिभावकहरूलाई सहयोग गर्न अभिप्रेरित गर्नु पर्दछ। सबै टोलबासी सामुदायिक संघसंस्थाहरू, क्लबहरू समेत मिलेर बालविकास केन्द्रमा अभाव भई रहेको भौतिक अवस्थालाई सुदृढ बनाउनु पर्दछ।

प्रत्येक बालविकास केन्द्रमा पर्याप्त भवन तथा कक्षा कोठाहरूमा प्रशस्त ठाउँ भएको, राम्ररी खोल्न एवम् बन्दगर्न सकिने, प्रशस्त उज्यालो छिर्ने आवतजावत गर्न सजिलो भएको हुनपर्दछ।

बालविकास केन्द्रका बालबालिकाहरूको उमेर अनुसारका डेक्स/बेन्च तथा कागज पत्र एवम् अभिलेखहरू सुरक्षित राख्न आवश्यक फर्निचरहरूको व्यवस्था गर्नु पर्दछ।

बालविकास केन्द्रका बालबालिकाहरूलाई तिर्खा लाग्नासाथ पानी पिउन पाउने व्यवस्थाका लागि स्थानीय तथा अन्य पानीका स्रोतहरूबाट नियमित पानी आउने व्यवस्था गर्नु पर्दछ। यसरी नै शौचालय तथा अन्य सरसफाईका लागि पनि पर्याप्त पानीको व्यवस्था नियमित गर्नु पर्दछ।

बालविकास केन्द्रका बालबालिकाहरूका लागि आवश्यक समयमा उपयुक्त खेल खेलाउन पर्याप्त र सुरक्षित आकारको खेलमैदान हुनु पर्दछ। जसमा खेल साना तथा ठूला बालबालिकाहरू स्वतन्त्रता पूर्वक खेल्न सक्ने बनाईनु पर्दछ।

### ४.४.२ शैक्षिक सामग्रीको व्यवस्था

बालबालिकाहरूको उमेर खेलौनासँग खेल्ने उमेर हो। यस उमेरका बालबालिकाहरू खेलैनासँग खेलेर धेरै ज्ञान प्राप्त गर्न सक्दछन्। यस उमेरका बालबालिकाहरूलाई क्रियाकलाप गर्न लगाएर सीप सिकाउनु प्रभावकारी हुन्छ (बालविकास शाखा, शिक्षाविभाग, २०५९)। फ्रोवेलको 'गर र सिक' विधिमा आधारित सिकाइ प्रभावकारी हुन्छ । यसरी नै मण्टेश्वरीले ज्ञानेन्द्रियहरूका

प्रशिक्षणबाट बालबालिकाहरूको उचित विकास हुन्छ भनेको छ, (बासुकला, २०५५) । यसरी खेलैनाबाट सिकाउन तथा ज्ञानेन्द्रियहरूको उचित प्रशिक्षणको लागि बालविकास केन्द्रमा पर्याप्त मात्रामा खेलौनाहरू र शैक्षिक सामग्रीहरू हुन जरुरी हुन्छ तर हाम्रो बालविकास केन्द्रहरूमा त्यस्ता खेलैना खेलसामग्रीहरू र शैक्षिक सामग्रीहरूको उचित व्यवस्था हुन सकेको छैन् । यसका लागि स्थानीय स्रोतबाट उपलब्ध हुने सामग्रीहरूको निर्माण गर्न आवश्यक तालिम दिनु पर्ने देखिन्छ । मूल्यवान् सामग्री खरीद गर्नको लागि अभिभावकहरूसँग रकम संकलन गर्ने र सरकारी तथा गैह्र सरकारी निकायहरूसँग अनुरोध गरेर खरिद गर्न सकिन्छ । सरकारले पनि बालविकास केन्द्रका लागि शैक्षिक सामग्री वापत अनुदान रकम बृद्धि गरिदिने गरेर शैक्षिक सामग्रीहरू खरिद गरिदिने वा खरिद गर्न लगाउने नीति अवलम्बन गर्नु पर्ने जरुरी देखिन्छ ।

### ४.४.३ तालिमको व्यवस्था

बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको तालिम तथा पारिश्रमिकको व्यवस्था, सहयोगी कार्याकर्तालाई बालमैत्री कक्षा सञ्चालन गराउनका लागि उचित तालिम र पारिश्रमिकको व्यवस्था हुनुपर्ने देखिन्छ ।

क) तालिमको व्यवस्था : बालबालिकाहरूको स्याहार सुधार गर्ने तरीका, खेलाउने तरीका, शिक्षण विधि, सामग्री निर्माण र संकलन गर्ने विधि, प्राप्त सामग्रीहरूलाई प्रभावकारी रुपमा प्रयोग गर्ने विधिको सम्बन्धमा पूर्णकालिन तालिम प्रदान गरेर संक्षम बनाउन सकिन्छ । यसरी नै बालविकास केन्द्रको व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारीहरूलाई व्यवस्थापन सम्बन्धीतालिम, गोष्ठि, सेमिनारमा नेपाल सरकारले सहभागी गराउनु पर्दछ । यसो भयो भने उनीहरू बालबालिकाहरूको विकासको लागि बालविकास केन्द्रको समस्याहरू समाधान गर्न अग्रसर हुन्छन् र केन्द्र प्रति जिम्मेवार भएर कार्य गर्न सक्दछन् । बालविकास केन्द्र सञ्चालनसँग सम्बन्धित नीति नियम तथा अधिकार र कतर्व्यलाई बुझेर पालना गर्न र गराउन सक्दछन् ।

सहयोगी कार्यकर्ता र व्यवस्थापन समितिलाई तालिम दिएर मात्र पुग्दैन, बालविकास केन्द्रमा सबैभन्दा बढी चाँसो राख्ने पक्ष अभिभावक हो । अभिभावकहरूलाई समय समयमा आफ्ना बालबालिकाहरूको स्वास्थ्य, सरसफाइ, पौष्टिक आहारा, लवाईखुवाई, सामग्रीको व्यवस्थापन तथा बन्दोबस्तीको सम्बन्धमा अन्तर्क्रिया तथा तालिमको व्यवस्था गर्नु पर्दछ । आफ्ना बालबालिकाहरू के कसरी सिकी रहेकाछन्, उनीहरूको विकासको क्रम कस्तो छ, उनीहरूको थप सुधार गर्नु पर्ने पक्षहरू के के छन्, बालविकास केन्द्रको अवस्था के कस्तो छ, भन्ने विषयहरूमा अभिभावकहरूले जानकारी

प्राप्त गरेर आवश्यक कदम चाल्न सक्दछन् । यसरी सहयोगी कार्यकर्ता, व्यवस्थापन समिति र अभिभावकहरूलाई तालिम, अन्तर्क्रिया तथा सेमिनारमा सहभागी गराएर बालविकास केन्द्रको विकासमा सहयोग पुग्न सक्दछ ।

ख)सहयोगी कार्यकर्ताको सुविधा : प्रत्येक बालविकास केन्द्रमा एक जना मात्र सहयोगी कार्यकर्ताले बालबालिकाहरूको रेखदेख, स्याहार सुसार र क्रियाकलाप सञ्चालन गर्न असजिलो भएको छ । विरामी भएर केन्द्रमा जान नसक्दा होस् वा आकस्मिक काम परेर बाहिर जानु परेको बखत होस् केन्द्रहरू बन्द नै गर्नु पर्ने अवस्था छ । यसका लागि थप वैकल्पिक सहयोगी कार्यकर्ताको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । सरकारको तर्फबाट सहयोगी कार्यकर्तालाई प्रतिमहिना न्यूनमात्र पारिश्रमिक दिने हालको व्यवस्था भएकोले प्राप्त पारिश्रमिकबाट बिहान बेलुका छाक टार्न पनि पुगिरहेको छैन । यसको अलावा आवास र अन्य घर खर्च तथा बालबालिकाहरूको शिक्षा औषधी उपचार सम्बन्धमा त कुरा गर्नै परेन । यसर्थ उनीहरूको मेहनत र समयलाई ख्याल गर्दै प्रत्येक बालविकास केन्द्रमा २ जना सहयोगी कार्यकर्ताको दरबन्दीको व्यवस्था गरी उनीहरूको पारिश्रमिक पनि कम्तिमा प्राथामिक शिक्षक सरह प्रदान गरी सेवा, सर्त र सुविधाको ग्यारेन्टी गर्दै उनीहरूलाई मनोवैज्ञानिक रुपमा कार्यप्रति जिम्मेवारी बोध गराउँदै कार्य सम्पादन गराउनु पर्ने देखिन्छ ।

### ४.४.४ स्वास्थ्य परीक्षण तथा पौष्टिक आहाराको व्यवस्था

बालबालिकाहरूको चौतर्फी विकास हुनको लागि उसको स्वास्थ्य मजबुत हुनु पर्दछ । अस्वस्थ बालबालिकाले आशा गरे अनुरुपको क्रियाकलापमा सफलता प्राप्त गर्न सक्दैन । उनीहरूको स्वास्थ्य स्थिति थाहा पाउन हप्ता वा महिनामा एक पटक नजिकको स्वास्थ्य केन्द्रहरूबाट स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गराउन सकिन्छ । प्राथमिक उपचार सम्बन्धी तालिम र सामग्रीको व्यवस्था गरिदिएर सहयोगी कार्यकर्ताबाट नै सामान्य उपचार गराउन सकिन्छ । बालबालिकाहरू चाँडै भोकाउने गर्दछन् । पर्याप्त खेलहरू खेल्ने र चन्चले पनि हुने भएकोले चाँडै थाक्दछन् । उनीहरूलाई बालविकास केन्द्रमा नै आवश्यक समयमा पौष्टिक आहारा र आराम गर्ने बिस्तराको व्यवस्था समेत गर्न सकेमा उपस्थितिको नियमितता हुने र शिक्षण क्रियाकलाप पनि सफल र प्रभावकारी हुने थियो । यस कारण नेपाल सरकार तथा दाता संस्थाहरूसँग समन्वयन गरी पोषणयुक्त आहारा र आरामकक्षको व्यवस्था प्रत्येक बालविकास केन्द्रहरूमा मिलाउन आवश्यक भएको देखिन्छ ।

### ४.४.५ सरकारी नीतिमा स्पष्टता र लगानीमा बृद्धि

बालविकास केन्द्रमा सरकारले हालको समयमा गरिरहेको लगानी अत्यन्तन्यून देखिएको छ। सरकारले नीति निर्माण गरेर मात्र पुग्दैन, जसको सवल कार्यान्वयनको लागि आवश्यक रकम लगानी गरी खर्च गर्ने व्यवस्था पनि गर्नु पर्दछ। 'सरकारले प्रारम्भिक बालविकास कार्यक्रममा खर्च गर्नु अबोध बालबालिकाको लागि दानको रुपमा नहेरी समाजको भाविष्यको लागि आर्थिक लगानीको रुपमा हेर्नु पर्दछ' (ढुङ्गाना,२०६३)।

जोशी (२०५४)का अनुसार 'बालबालिकाहरूलाई बगैचाको विरुवासँग तुलना गर्ने हो भने लगानीलाई मलजलको रुपमा हेर्नु पर्दछ' भनेका छन्। बालबालिकाहरूको चौतर्फी विकासको लागि बाल विकास कार्यक्रमलाई औपचारिक वा अनौपचारिक के भित्र राख्नु पर्ने हो गहन अध्ययन गरी प्रष्ट नीति बनाउनु पर्दछ। यो कार्यक्रम राष्ट्र व्यापी हुने वा निश्चित समूह वा वर्गसँग मात्र सम्बन्धित हुने हो प्रष्ट गर्दै नेपाल सरकारले लगानीमा बृद्धि गर्नु पर्ने देखिन्छ। लगानी बृद्धिका साथ साथै लगानीअनुसार प्रतिफल के कस्तो प्राप्त भई रहेको छ ? सो सम्बन्धमा निरीक्षण नियन्त्रण र सुपरीवेक्षण गरी प्रतिफल र क्रियाकलापको आधारमा पुरस्कार र दण्डको व्यवस्था समेत सरकारले गर्न सकेमा बालविकास कार्यक्रम बढी प्रभावकारी हुने कुरामा दुईमत हुँदैन।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

प्रस्तुत छ वटा बालविकास केन्द्रहरूको वर्तमान अवस्थाको अध्ययनबाट बालविकास केन्द्रका आफ्ना निजी भवनहरू छैनन् । विद्यालयले व्यवस्था गरेकै भवन र कक्षा कोठामा झ्याल, ढोका, पल्ला, फर्निचर र प्रकाशको अवस्था कमजोर देखिएको छ । शैक्षिक तथा खेल सामग्रीहरू पर्याप्त नभएको र कमजोर भएको अवस्थामा छन् ता पनि भए अनुसारको सामग्रीहरूको प्रयोग हुने गरेको देखिएको छ । बालविकास केन्द्रमा पिउने पानीको पर्याप्त व्यवस्था हुन सकेको छैन । शैचालयहरू छन् ता पनि पानी र सरसफाईको अभावले पूर्ण रुपमा प्रयोग हुन सकेको छैनन् । प्रधानाध्यकहरूको, अभिभावकहरूको, सहयोगी कार्यकर्ताहरूको, भौतिक, आर्थिक र व्यक्तिगत सुविधाहरू पर्याप्त नभएर पनि बालविकास केन्द्रको उत्थानको लागि क्रियासिल भएको देखिन्छ । बालविकास केन्द्रमा शैक्षिक सामग्रीहरू, खेल सामग्रीहरू, पौष्टिक खाजा तथा खानाको पर्याप्त व्यवस्था नभएर पनि विद्यार्थीहरू अध्ययनरत छन् । पर्याप्त शैक्षिक सामग्रीहरू खेल सामग्रीहरू र निर्मित सामग्री तथा चित्रहरू प्रयोग गरी शिक्षण गर्ने गरेको र अवलोकन, अभिनय, खेल, सुनाई, बोलाइ, लेखाइको परीक्षण गरी अभिलेख राख्दै मूल्याङ्कन गर्ने गरेको पाइयो ।

बालविकास केन्द्रको ज्ञान, सीप, बानी र अनुसासन सिकेर कक्षा उर्त्तीण भएका बालबालिकाहरू विद्यार्थी कक्षा १ मा भर्ना हुन आउने भएकाले प्रधानाध्यापकलाई प्रशासनले व्यवस्था गर्न अभिभावकहरूलाई छोराछोरी नियमित रुपमा विद्यालय पठाउन, कक्षा १ मा शिक्षण गर्ने शिक्षकलाई कक्षा शिक्षण प्रभावकारी बनाउन र विद्यार्थीहरूलाई सामग्री प्रयोग गरी चाडै शिक्षा प्राप्त गर्न सहयोग पुगेको देखिएको छ । यसरी नै विद्यालयलाई सहयोगी कार्यकर्ता र बालविकास केन्द्रका शैक्षिक भौतिक तथा खेल सामग्रीहरूबाट थप सहयोग पुगेको देखिएको छ । विद्यालयका र बालविकास केन्द्रका थप अभिभावकहरूको आगमन र सहयोग आदनप्रदानबाट विद्यालयको सम्बन्ध वृद्धि भएको देखिएको छ । बालबालिकाहरूलाई पनि समुदायबाट सोझै कक्षा १ मा भर्ना हुन आएको भन्दा चाँडो र सजिलो गरी शिक्षा प्राप्त गर्दै भावि दिनमा शैक्षिक प्रगति गर्दै योग्य नागरीक बन्न सहयोग पुगेको देखिएको छ ।

बालविकास केन्द्रहरूमा भवन तथा कक्षाकोठा व्यवस्थापनको कमी , शैक्षिक सामग्री र खेल सामग्रीहरूको कमी, खेल मैदानको कमी, स्वच्छ पिउने पानी र पौष्टिक आहाराको कमी, नियमित

स्वास्थ्य परीक्षण र प्राथमिक उपचारको कमी, नियमीत अनुगमन तथा निरीक्षणको कमी सहयोगी कार्यकर्ताको सेवा सुविधामा कमी हुनुलाई बालविकास केन्द्रको समस्या देखिएको छ ।

बालविकास केन्द्रमा आफ्नो छुट्टै भवन तथा पर्याप्त सुविधायुक्त कक्षाकोठा हुनु पर्ने, शैक्षिक तथा खेल सामग्री पर्याप्त व्यवस्था गर्नु पर्ने, खेल खेल्न खेल मैदान छुट्टै र पर्याप्त आकारको हुनु पर्ने, तिर्खा लाग्न साथ पिउन र सरसफाइको लागि पर्याप्त पानीको नियमित व्यवस्था हुनु पर्ने, सहयोगी कार्यकर्ताको तालिम नियमित र दिर्घकालिन हुनु पर्ने, सहयोग कार्यकर्ताको पारिश्रमिक कम्तिमा प्राथमिक शिक्षक सरह बनाएर उनीहरूलाई बालविकास केन्द्रको कार्यप्रति उत्साहित र जागरुक बनाउनु पर्ने देखिएको छ ।

## ५.२ निष्कर्ष

बालविकास केन्द्रमा भौतिक सामग्रीहरू, शैक्षिक सामग्रीहरू, पिउने र सरफाइको लागि पानी सहयोगी कार्यकर्ताको सेवा सुविधामा कमीका बबजुद पनि बालविकास केन्द्रहरू समस्या ग्रस्त अवस्थामा सञ्चालन भई रहेका देखिएको छ । बालविकास केन्द्रहरूले विद्यालयीय शिक्षा प्राप्त गर्न बालविकास केन्द्रबाट सहयोग पुगेको देखिएको छ । शिक्षाको आधार शिलाको रुपमा रहेको बालविकास केन्द्रहरूलाई सरकार गैह्र सरकारी संघसंस्थाहरू स्थानीय निकायहरू तथा क्लबहरू अभिभावकहरू राजनीतिज्ञहरू समेतको साझा सहभागितामा मजबुद नीति नियको निर्माण गरी सफल र सहज रुपमा बालविकास केन्द्रहरूलाई सञ्चालन गरी यसको प्रभावकारीतालाई वृद्धि गर्नु पर्ने देखिएको छ ।

## ५.३ सुझावहरू

शिक्षा बालकको नैसर्गिक अधिकार हो । त्यसैले उनीहरूको शारीरिक, मानसिक सामजिक संवेगात्मक विकासका लागि गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । बालबालिकाहरू काँचो माटो भएकोले तिनीहरूलाई सम्बद्धपक्षले जस्तो बनाउन चाह्यो त्यस्तै बन्दछन् । उनीहरू भविष्यका राष्ट्रका कर्णधार भएकाले गुणस्तरीय शिक्षा प्रदान गर्नु सान्दर्भिक हुन्छ । यो अध्ययनबाट प्राप्त गरिएका विषयबस्तुका आधारमा निष्कर्ष निकाली विभिन्न तहमा सुझावहरू प्रस्ताव गरिएको छ । जसबाट सरोकारवाला पक्षहरू लाभान्वित भै आगामी दिनहरूमा यस तर्फ चनाखो बन्नेमा विश्वास गरिएको छ । अतः अध्ययनको क्रममा निम्नानुसारको सुझावहरू पेश गरिएको छ :

### ५.३.१ नीतिगत तह

अध्ययनको क्रममा यो कार्यक्रम औपचारिक वा अनौपचारिक के हो ? कुन वर्गको वा जातिको लागि यो लक्षित कार्यक्रम हो ? भन्नेमा स्पष्ट नभएकोले केही समस्याहरू नीतिगत रुपमा पनि भएको देखिन्छ । यो समस्यालाई समाधान गर्न आवश्यक कानुन निर्माण गरी शिक्षा ऐनमा समेत व्यवस्था गर्नुपर्दछ । शिक्षाको जग आधारभूत तह भएकोले बालशिक्षालाई निजी शैक्षिक संस्थाहरूमा अध्यापन गर्ने नर्सरी तह सरह व्यवस्थित गरी अनिवार्य गरिनु पर्दछ । यस कार्यका लागि जनचेतना अभिबृद्धि गरिनु पर्दछ । बालकक्षामा अध्यापन गर्ने सहयोगी कार्याकर्ताको योग्यता, पारिश्रमिक र तालिमलाई समयानुकुल बनाउन आवश्यक देखिन्छ । यसका साथै कार्यान्वयन पक्षबाट नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनु र नीतिगत तहबाट बालबिकास केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन भरपर्दो नीतिगत व्यवस्था गर्न सुझाव गरिन्छ ।

### ५.३.२ अभ्यास तह

विद्यालयमा भौतिक व्यवस्थालाई सुव्यवस्थित बनाई कक्षालाई अझ बढी बालमैत्री बनाउनु आवश्यक रहेको देखिन्छ । शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरी बालकेन्द्रित शिक्षण गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूलाई नियमित बनाउन शिक्षक, अभिभावक र विद्यार्थीहरू बसी योजना बनाउन आवश्यक देखिन्छ । सहयोगी कार्यकर्ताको योग्यता कम्तिमा कक्षा १२ उतीर्ण हुनुपर्ने, तालिमको व्यवस्था हुनुपर्ने, न्यूनतम तलब सुविधा प्राथमिक शिक्षक सरह कायम गरिनु आवश्यक ठानिएको छ ।

### ५.३.३ अनुसन्धान तह

बालविकास केन्द्रबाट शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययनबाट देखिएका समस्या समाधान गर्न अनुसन्धान कार्य सिद्ध हुने देखिन्छ । तथापी यस अध्ययनले अनुसन्धान कार्य पूर्णभने हुनसक्दैन । यस अनुसन्धानको अध्ययन अन्य धेरै पक्षहरूबाट गर्नु पर्ने देखिन्छ । यस समस्यासँग सम्बन्धित रहेका बालविकास केन्द्रको भौतिक तथा शैक्षिक पक्षहरूको वर्तमान अवस्थाको यथार्थ चित्रण गर्न अनुसन्धान कार्य सिद्ध भएको देखिन्छ । तथापी यस अध्ययनले अनुसन्धान कार्य पूर्ण भने हुन सक्दैन । बालविकास केन्द्रसँग सम्बन्धित अध्ययनको लागि आर्थिक, सांस्कृतिक, सामाजिक, बालविकास केन्द्रलाई विद्यालयले पारेको प्रभाव, बालविकास केन्द्रलाई विद्यालयले पुऱ्याएको सहयोग, बालविकास केन्द्रमा कार्यरत रहदा सहयोगी कार्यकर्ताले व्यहोर्नु परेको

समस्या, बालविकास केन्द्र र यससँग सम्बन्धित पक्षहरूको सम्बन्ध, बालविकास केन्द्रसँग सम्बन्धित भाषिक समस्या, बालविकास केन्द्रको प्रशासनिक समस्या, आवधिक, प्रभावकारिताको मूल्याङ्कन, शहर केन्द्रित र गाउँ केन्द्रित बालविकास केन्द्रहरूको तुलनात्मक अध्ययन लगायत, यस्ता अरु धेरै विषयवस्तुहरू पनि हुन्छन् । उल्लेख भएका विषयहरूमा अनुसन्धान भएको पनि हुन सक्दछ । यस अध्ययनसँग सम्बन्धित समस्याहरू र बालकक्षाबाट शिक्षा लिएका र नलिएका बालबालिकाहरू बीच प्रभाव पार्ने पक्षहरूलाई नयाँ अनुसन्धानको विषयवस्तु बनाउन सक्ने सुझाव गरिएको छ ।

# सन्दर्भसूची


आचार्य, मोतिप्रसाद, (२०६६), *बालविकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर, (२०६२), *शैक्षिक व्यवस्थापन र सङगठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खत्री, केशु, (२०६७), *बालविकास केन्द्रको प्रभावकारीता,* शिक्षाशास्त्र सङ्काय, पाठयक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस मोरङ ।

जोशी, राधाकृष्ण, (२०५४), *प्रारम्भिक बाल शिक्षा,* काठमाण्डौ : युनियन प्रेस प्रा.लि. ।

ढुङ्गाना, गंगाराम, (२०६३), *बाल विकास केन्द्र र यसको वर्तमान अवस्था,* शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर अप्रकाशित शोधपत्र, शिक्षा सङ्काय विभाग, केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६१), *बालविकास सम्बन्धी निर्देशिका,* काठमाण्डौं ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०५८), बालविकास कार्यक्रम निर्देशिका, काठमाडौः लेखक ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, (२०५९), *शिक्षा नियमावली आठौं सम्शोधन,* काठमाण्डौ : लेखक ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६९), *कानुन किताब व्यवस्था समिति,* शिक्षा नियमावली आठौं सम्शोधन, काठमाडौ : लेखक ।

पौडेल, तेजश्वी (२०६६), *प्रारम्भिक बाल विकास कार्यक्रमको प्रभावकारीता,* शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

बालविकास शाखा, शिक्षा विभाग, (२०५८), *सहयोगी कार्यकर्ता निर्देशिका,* सानो ठिमी ।

बालविकास शाखा, शिक्षा विभाग, (२०५९), *सिकाइ खेल सामग्री निमार्ण सहायोगी पुस्तिका,* सानो ठिमी ।

बासुकला, (२०५५), *पूर्व प्राथमिक शिक्षाका प्रारम्भिक चरणहरू,* काठमाडौं : एनपिटिस लिमिटेड ।

बिष्ट, मिनबहादुर, (२०५०), *शिक्षाका सिद्धान्त,* पुल्चोक : साझा प्रकाशन ।

मल्ल, कोमलवदन, (२०५४), *प्रारम्भिक वाल्यावस्था विकासको शिक्षण विधि,* काठमाडौंः डीनको कार्यालय ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद, (२०६३), *शिक्षाको प्रारम्भिक परिचय,* काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

सेरिङ, (२०५९), *बालविकासका निम्ति शिक्षा,* काडमाडौः लेखक ।

शैक्षिक सूचना विभाग, (२०६९), *शैक्षिक सूचना विभाग शिक्षा विभाग,* काठमाडौः लेखक ।

शिक्षा विभाग, (२०६१), *प्रारम्भिक बालविकास कार्यक्रमको भूमिकाको वातावरण,* काठमाडौः लेखक।

शिक्षा आयोगको प्रतिवेदन, (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* शिक्षा विभाग काठमाडौं, लेखक ।

श्रेष्ठ, राधा, (२०५७), *बालविकास कार्यक्रममा समावेश भएका र नभएका बालबालिकाहरूको तुलनात्मक अध्ययन,* स्नाकोत्तर शिक्षाशास्त्र सङ्काय, अप्रकासित शोधपत्र, त्रि.वि. किर्तिपुर ।

# विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची १ : यस अध्ययनसँग सम्बन्धित विभिन्न पक्षहरुका व्यक्तिहरुको नामावली

| क्र.सं. | श्रोत व्यक्ति | बालविकास केन्द्र रहेको विद्यालयको नाम | प्रधानाध्यापकको नाम | सहयोगी कार्यकर्ताको नाम | वि.व्य.स. अध्यक्षको नाम | अभिभावकको नाम | विद्यार्थीको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | भवानीप्रसाद भट्टराई | शारदा उ.मा.वि. खराङ्ग १ | चहकबहादुर भण्डारी | कमला श्रेष्ठ | तिर्थबहादुर भण्डारी | हरिकुमार जिमी<br>तारा खड्का | जोशन जिमी<br>विजय खड्का |
| २ | | बाणीविलास मा.वि. खराङ्ग ८ | धनबहादुर दाहाल | निमा तामाङ | थलबहादुर दाहाल | आनन्द वर्देवा<br>लछीमाया तामाङ | युनिक त्रिताल<br>नविन तामाङ |
| ३ | | धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | भुपेन्द्र गौतम | शान्तिदेवी तामाङ | रामबहादुर तामाङ | तिलक तामाङ<br>मञ्जु राई | सौगात तामाङ<br>एन्जिला राई |
| ४ | | अरुण नि.मा.वि. खराङ्ग ७ | सुर्यबहादुर अधिकारी | जमुना दाहाल | प्रकाश अधिकारी | पुष्पलाल लोहार<br>विमला लोहार | यमकुमारी लोहार<br>सुमन लोहार |
| ५ | | हिमगंगा नि.मा.वि. बानेश्वर ८ | इन्द्रकुमार राई | टिका राई | केशरबहादुर अधिकारी | तुलसीप्रसाद राई<br>सपना अधिकारी | अञ्जु राई<br>सुदिप अधिकारी |
| ६ | | भीमसेन प्रा.वि. खराङ्ग ५ | बाबुराम दाहाल | मनिका राई | पुष्पबहादुर दाहाल | हरिबहादुर दाहाल<br>मिलन दाहाल | लरिसा दाहाल<br>मौसम दाहाल |

## विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची २ : स्रोतव्यक्तिका लागि प्रयोग गरिएको प्रश्नावली

१. नेपालमा बालविकास केन्द्रको स्थापना कहिले देखि भएको हो ?

२. यस स्रोतकेन्द्रमा कहिले देखि सञ्चालन भएको हो ?

३. बालविकास केन्द्र स्थापना गर्नुका उद्देश्यहरू के के हुन् ?

४. यस स्रोतकेन्द्र अर्न्तगत कतिवटा बालविकास केन्द्र छन् ? [ ] विद्यार्थी कति छन् ? [ ] कति विद्यार्थी हुनुपर्ने हो ? [ ]

५. बालविकास केन्द्र स्थापनाका लागि आवश्यक आधारहरू के के हुन् ? बालविकास केन्द्रको पाठ्यक्रममा कस्ता कस्ता क्रियाकलापहरू समेटीएका छन् ?

६. बालविकास केन्द्रको नीति, कार्यक्रम, प्रयोग र प्रतिफल कस्तो छ ?

७. बालविकास कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च कुन कुन निकायले व्यहोर्ने गरेका छन् ?

८. बालविकास केन्द्रको भौतिक व्यवस्थाको बृद्धि गर्ने के के कार्यक्रमहरू छन् ?

| भौतिक विवरण | कार्यक्रमहरू |
|---|---|
| भवन | |
| फर्निचर | |
| खेल मैदान | |
| कक्षाकोठा | |
| चर्पी | |
| खानेपानी | |
| अन्य | |

९. बालविकास केन्द्रलाई के के सामग्री उपलब्ध गराइएको छ ?

| सामग्रीको नाम | उपलब्ध छ/छैन |
|---|---|
| पाठ्यक्रम | |
| पाठ्यपुस्तक | |
| म्यानुएल | |
| खेल सामग्रीहरू | |
| हाजिरी खाता | |

| | |
|---|---|
| ब्लाक / ह्वाइटबोर्ड | |
| चक / मार्करपेन | |
| स्टेशनरी सामग्रीहरू | |
| सहयोगी पुस्तिकाहरू | |
| अन्य सामग्रीहरू | |

१०. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको योग्यता तालिम र सेवा सुविधा कति हुनु पर्ने र कति छ ?

| | हुनुपर्ने | भएको |
|---|---|---|
| योग्यता | | |
| तालिम | | |
| सेवा सुविधा | | |

११. सहयोगी कार्यकर्ताको दक्षता बद्धिगर्न के के कार्यक्रमहरू संचालन हुने गरेका छन् ?

१२. बालविकास केन्द्रको वातावरणीय पक्षको विकासको लागि के के गरिएको छ ?

१३. वर्तमान अवस्थामा बालविकास केन्द्रको सुपरिवेक्षण कहिले कहिले गरिन्छ ? कसले गर्छ ? कति पटक गर्दछ ?

कहिले -

कसले -

कतिपटक -

१४. बालविकास केन्द्रका समस्याहरू र ति समस्या समाधानका उपायहरू के के होलान् ?

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| शैक्षिक | |
| आर्थिक | |
| सामाजिक | |
| भौतिक | |

# विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ३ : बालविकास केन्द्ररहेको विद्यालयको प्रधानाध्यापक लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम :

प्रधानाध्यापकको नाम :

१. तपाईको विद्यालयमा कहिले देखि बालविकास केन्द्र स्थापन भएको हो ?

२. के कत्ति कारणबाट तपाईको विद्यालयमा बालविकास केन्द्र स्थापना भएको हो ?

३. बालविकासहरू को बालविकास केन्द्रमा उपस्थिति दर कस्तो देख्नु हुन्छ ?

४. बालविकास केन्द्रको निरिक्षण कति कति समयमा गर्ने गर्नु भएको छ ?

५. बालविकासको पाठ्यक्रमले तोकेका क्रियाकलापहरू निरिक्षणका कममा अवलम्वन गरेको पाउनु भयो ?

६. बालविकास कार्यक्रम पुरा गरेर कति विद्यार्थीहरू विद्यालय शिक्षामा प्रवेश गर्ने गरेका छन् ?

७. बालविकास केन्द्रले विद्यार्थीहरू को सिकाईलाई सरल बनाएको छ कि छैन ?

८. बालविकास केन्द्र संचालनमा के के समस्या भएको अनुभव गर्नु भएको छ ?

९. बालविकास केन्द्रका समस्याहरू समाधान गर्न कसले कसले चासो राख्नु पर्दछ ?

१०. बालशिक्षा अनिवार्य गर्न आवश्यक छ कि छैन ?

११. बालविकास केन्द्रका कारणले विद्यार्थी नियमितता र सिकाईमा फरक हुन्छ कि हुदैन् ?

# विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ४ : विद्यालयमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

केन्द्रको नाम :

सहयोगी कार्यकर्ताको नाम :

शैक्षिक योग्यता :

१. बालविकास कार्यक्रम कस्तो कार्यक्रम हो ?

२. कुन कुन अवस्था बालबालिकाहरू सहभागी हुन्छन् ?

उमेर

जाती

आर्थिक अवस्था : उच्च मध्यम निम्न

भौगोलिक अवस्थाः सुगम दुर्गम मिस्रित

३. गाउँका सबै बालबालिका केन्द्रमा आउने गर्छन् ?

| आउनु पर्ने संख्या | भर्ना भएको संख्या | औसत उपस्थित संख्या | नआउने कारण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

४. सरदर उपस्थिति प्रतिशत कति हुन्छ ?

५. थोरै वा धेरै उपस्थितिको कारण के के हुन् ?

६. बालविकास केन्द्र खुल्ने र बन्द हुने समय तथा अवधि कति कति हो ?

७. तपाई सँग बालविकास पाठ्यक्रम छ / छैन ?

पाठ्यक्रम र पाठ्यपुस्तकका राम्रा र नराम्रा पक्षहरु के के हुन ?

राम्रा :

नराम्रा :

८. पाठ्यक्रममा भएका सबै क्रियाकलापहरू गराउनु भएको छ ?

९. निर्देशिका अनुसार शिक्षण गर्नु भएको छ / छैन ?

१०. बाल पुस्तिकाहरू छन् ? छन् भने कति ? छैनन् भने किन ?

११. शैक्षिक सामग्री निर्माण गर्नु हुन्छ ? गर्नु हुन्छ भने के कति ? गर्नु हुन्न भने किन ?

१२. अन्य शैक्षिक सामग्री के के छन् ? ती कहाँ कहाँ बाट उपलब्ध हुन्छन ?

१३. उपलब्ध सामग्रीहरू ले कार्यक्रमलाई सहयोग धेरै वा थोरै वा सहयोग गदैनन् वा सामान्य कस्तो छ ?

१४. बालबालिकाहरू को शैक्षिक मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

| मूल्याङ्कन गर्ने तरीका | कहिले गर्ने | रेकर्ड कसरी राख्ने |
|---|---|---|
| | | |

१५. बालविकास केन्द्रको विकासका लागि अभिभावकहरू कतिको उत्सुक छन् ?

धेरै जसो

थोरै जसो

कहिल्यै हुँदैनन्

सामान्य हुँन्छन्

१६. बालविकास केन्द्रले सरकार बा स्रोत केन्द्रबाट के के सहयोग पाएको छ ?

१७. अभिभावकबाट के के सहयोग पाउनु हुन्छ ?

१८. बालविकास केन्द्रमा काम गर्दा आइ परेका समस्याहरू के के छन् ?

१९. नीति कार्यक्रम र कार्यान्वयन पक्ष कस्तो छ ?

| नीति के के छन् ? | कार्यक्रम के के छन् | कार्यान्वयन कसरी गरिएको छ ? |
|---|---|---|
| | | |

# विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ५ : विद्यालयमा आधारित बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्षका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

केन्द्रको नाम :

अध्यक्षको नाम :

अध्यक्ष भएको मिति :

शैक्षिक योग्यता :

अनुभव वर्ष :

१. यस केन्द्रको स्थापना कहिले भएको हो ?

२. बालविकास केन्द्रमा निम्न अनुसारका भौतिक पक्षहरू को अवस्था कस्तो छ ?

| भौतिक पक्ष | सहयोगी संस्था | छ | छैन | किन छैन | छ भने कति छ | अप्रर्याप्त |
|---|---|---|---|---|---|---|
| भवन | | | | | | |
| फर्निचर | | | | | | |
| खेलमैदान | | | | | | |
| खानेपानी | | | | | | |
| चर्पी | | | | | | |
| कार्यालय | | | | | | |
| कोठा | | | | | | |
| अन्य | | | | | | |

३. नियमित कक्षा संचालन सम्बन्धी निरीक्षण कहिले कहिले हुन्छ ?

दैनिक

साप्ताहिक

पाक्षिक

मासिक

अर्धवार्षिक

वार्षिक

निरीक्षणको क्रममा पाठ्यक्रमले तोकेअनुसारका क्रियाकलाप भएको पाउनु भयो कि भएन ?

४. निरीक्षण नियमित नहुनाका कारणहरू  के के हुन् ?

५. बालविकास केन्द्रमा गरिने अतिरिक्त क्रियाकलापहरू के के हुन ? कसरी निरीक्षण गर्नु हुन्छ ?

| कार्यक्रमहरू | निरीक्षण गर्ने तरीका | रेकर्डको व्यवस्था |
|---|---|---|
| गीत | | |
| कविता | | |
| खेलकुद | | |
| गाउँ खानेकथा | | |
| नृत्य | | |
| अन्य | | |

६. पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता कस्तो छ ?

पर्याप्त छ                पर्याप्त छैन

अपर्याप्त भए कारणहरू के के हुन ?

पाठ्यक्रम.................................................................................................................

पुस्तक ......................................................................................................................

७. सहयोगी कार्यकर्ताको नियुक्ति प्रकृया कस्तो छ ?

८. के के कार्यका लागि अभिभावक परिचालन गर्नुहुन्छ ?

९. बालबालिकाहरूका लागि प्रोत्साहन कार्यक्रम के के राख्नु भएको छ ?

कार्यक्रमहरू                किन ?

............................

१०. सहयोगी कार्यकर्ताको क्षमता अभिबृद्धि गर्न स्थानीय तहबाट के के गर्नु भएको छ ?

११. बालविकास केन्द्रको आर्थिक स्रोत पर्याप्त वा अपर्यात के छ ?

१२. आर्थिक स्रोतको व्यवस्था कसले कति गरेको छ ?

| संस्थाको नाम | मासिक | चौमासिक | वार्षिक | जम्मा |
|---|---|---|---|---|
| सरकारबाट | | | | |
| गैह्र सरकारी संस्थाबाट | | | | |
| गाउँ विकास समितिबाट | | | | |
| अन्य | | | | |

१३. सहयोगी कार्यकर्तालाई थप सुविधा छ / छैन छ भने कति मूल्यको ?

## विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ६ : विद्यालयमा आधारित बालविकास केन्द्रका अभिभावकहरू का लागि लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

सम्बन्धित शीर्षकहरू :

केन्द्रको नाम :

सहभागी अभिभावकको नाम हस्ताक्षर

१ ......................

२ ......................

३ ......................

४ ......................

५ ......................

६ ......................

प्रश्नहरु

१) बालविकास भन्नाले के बुझ्नु हुन्छ ?

२) बालविकास केन्द्र किन खोल्नु परेको हो ?

३) बालबालिकाहरू कति उमेरका भएपछि बालविकास केन्द्रमा पठाउने गर्नु भएको छ ?

४) बालविकास केन्द्रमा पठाउँदा र नपाउँदा के कस्ता सकारात्मक वा नकारात्मक परिवर्तन हुन्छन् ?

| | सकारात्मक | नकारात्मक |
|---|---|---|
| पठाउँदा | | |
| नपठाउँदा | | |

५) बालविकास केन्द्रलाई के के सहयोग गर्ने गर्नु भएको छ ?

६) बालविकास केन्द्रमा के के समस्या देख्नु भएको छ ?

७) बालविकास केन्द्रका समस्या समाधानका लागि के के सुझाव दिनु हुन्छ ?

८) बालविकास केन्द्रका अभिभावकहरू र सहयोगी कार्यकर्ताको भूमिका के के र कति कति हुनुपर्दछ तर्क वा विचार प्रस्तुत गरिदिनुहोस् ।

## विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ७ : बालविकास केन्द्रमा अध्ययन गरिरहेका विद्यार्थीहरुका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली

केन्द्रको नाम :

विद्यार्थीको नाम :

१. तिमी बालविकास केन्द्रमा कति बजे आउछौं ?

२. तिमीकोसँग आउँछौ ?

३. कति बजे घर जान्छौ ?

४. बालविकास केन्द्रमा आउन खुसी लाग्छ कि दु:ख लाग्छ ?

५. तिमीलाई बालविकास केन्द्रको मिसले के के काम गर्न लगाउनु हुन्छ ?

६. खेलहरू कतिको खेलाउनु हुन्छ ?

७. खेल्ने सामानहरू के के छन् ?

८. तिमी साथीहरूसँग मिलेर खेल्छौ कि एक्लै ?

९. खेल्न मन पर्छ की पर्दैन ?

१०. सधै बालविकास केन्द्रमा जान मन लाग्छ कि लाग्दैन् ?

११. घरमा बस्दा र केन्द्रमा जाँदा कुन रमाइलो हुन्छ ?

१२. तिमीलाई पढाउने मिसले माया गर्नु हुन्छ कि गर्नु हुन्न ?

## विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ८ : विद्यालयमा आधारित बालकक्षो अवलोकन फाराम

| क्र. स. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्च ९०% भन्दा माथी असल | मध्यम ६० देखि ८९% सम्म असल | सामान्य ४० देखि ५९% सम्म असल | निम्न ४० % मुनि असल |
| १ | **भौतिक पक्ष** | | | | |
| | भवन | | | | |
| | कक्षाकोठा | | | | |
| | डेस्क र बेन्च | | | | |
| | प्रकाशको उपयुक्तता | | | | |
| | कालो / सेतो पाटी | | | | |
| | खेल्ने चौर | | | | |
| | खाना खुवाउने स्थान | | | | |
| | चर्पी | | | | |
| | खानेपानी | | | | |
| | वातावरण | | | | |
| | अन्य | | | | |
| २ | **शैक्षिक पक्ष** | | | | |
| | शिक्षण विधि | | | | |
| | बालकहरू को हेरविचार | | | | |
| | व्यवहारको अवस्था | | | | |
| | अनुशासन सामग्रीको प्रयोग | | | | |
| | विद्यार्थी सरसफाइ | | | | |
| | पुरस्कारको व्यवस्था | | | | |
| | मनोरञ्जनात्मक अवस्था | | | | |
| | वातावरण | | | | |
| | (उत्प्रेरणाका लागि गरिएका कार्यहरू | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मित्रवत व्यवहार | | | | |

## विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ९ : विद्यालयमा आधारित बालविकास केन्द्रको शैक्षिक सामग्रीको अवलोकन फाराम

| क.स. | पक्ष | विवरण | पर्याप्त | अपर्याप्त | संख्या | अवस्था | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **भौतिक** | भवन सम्बन्धि | | | | | | |
| | | कार्यालय कोठा, | | | | | | |
| | | आराम गर्ने कोठा | | | | | | |
| | | भान्सा गर्ने कोठा | | | | | | |
| | | भण्डार गर्ने कोठा | | | | | | |
| | | फर्निचर सम्बन्धी | | | | | | |
| | | मेच | | | | | | |
| | | टेबल | | | | | | |
| | | डेस्क | | | | | | |
| | | बेन्च | | | | | | |
| | | कार्पेट | | | | | | |
| | | गुन्द्री | | | | | | |
| | | पिरा | | | | | | |
| | | कालो/सेतो पाटी | | | | | | |
| | | अन्य | | | | | | |
| | | खेलमैदान | | | | | | |
| | | चर्पी | | | | | | |
| | | खानेपानी | | | | | | |
| २ | **शैक्षिक** | शैक्षिक सामग्रीहरू | | | | | | |
| | | पाठ्यक्रम | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | निर्देशिका | | | | | | |
| | | बालपुस्तिका | | | | | | |
| | | समुह मिलाप चित्र | | | | | | |
| | | स्वास्थ्य र सफाई चित्र | | | | | | |
| | | फलफूलका चित्रहरू | | | | | | |
| | | जनावरका चित्रहरू, | | | | | | |
| | | वर्णतालिका | | | | | | |
| | | अल्फावेट तालिका | | | | | | |
| | | अंक तालिका | | | | | | |
| | | संवेग व्यवहारका चित्रहरू | | | | | | |
| | | अक्षर पत्ति | | | | | | |
| | | शब्द पत्ति | | | | | | |
| | | घटना कथाका चित्रहरू | | | | | | |
| ३ | **वातावरणीय** | फूलवारी वृक्षरोपण | | | | | | |
| | | ध्वनी प्रदुषण | | | | | | |
| | | घेराबार | | | | | | |
| | | अन्य सामग्रीहरू | | | | | | |
| | | रुमाल | | | | | | |
| | | काइयो | | | | | | |
| | | साबुन | | | | | | |
| | | नङ्कट् | | | | | | |
| | | काठका ब्लक | | | | | | |
| | | गुडिया | | | | | | |
| | | रंगिन कागज | | | | | | |
| | | कपडा | | | | | | |
| | | कैंची | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गम | | | | | | |
| | | ब्रस | | | | | | |
| | | सिट्ठी | | | | | | |
| | | सियोधागो | | | | | | |
| | | घडी | | | | | | |
| | | रेडियो क्यासेट | | | | | | |
| | | घण्टी | | | | | | |
| | | मादल | | | | | | |
| | | बल | | | | | | |
| | | डोरी | | | | | | |
| | | पिङ् | | | | | | |
| | | चिप्लेटी | | | | | | |
| | | चाकाचुली | | | | | | |
| | | अन्य | | | | | | |

## विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची १० : विद्यालयमा आधारित वालविकास केन्द्रको भौतिक स्रोत साधन अवलोकन फाराम

| केन्द्रको नाम | भवन | | | | | शौचालय | | | | पिउने पानी | | | फर्निचर संख्यामा | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कच्ची | पक्की | विद्यालयको | आफ्नै | भाडाको | कच्ची | पक्की | छात्र,छात्रा र शिक्षकका लागि छुट्टै | सबैकालागि संयुक्त | व्यवस्था भएको | व्यवस्था नभएको | अस्थायी स्रोत | कालोपाटी | डेक्स वेञ्च | कुर्सी | टेवल | दराज | आराम वेन्च | |
| शारदा उ.मा.वि. खराङ्ग १ | | | | | | | | | | | | | | | | | | | |
| बाणीविलास मा.वि. खराङ्ग ८ | | | | | | | | | | | | | | | | | | | |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | | | | | | | | | | | | | | | | | | | |
| अरुण नि.मा.वि. खराङ्ग ७ | | | | | | | | | | | | | | | | | | | |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | | | | | | | | | | | | | | | | | | | |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | | | | | | | | | | | | | | | | | | | |

# विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था

## अनुसूची ११ : विद्यालयमा आधारित वालविकास केन्द्रको सहयोगी कार्यकर्ताको विभिन्न अवस्थाको अवलोकन फाराम

| केन्द्रको नाम | विद्यार्थी संख्या | | सहयोगी कार्यकर्ता सम्बन्धि | | | | पारिश्रमिकको व्यवस्था | | | शैक्षिक सामग्रीको प्रयोग | | | मूल्याङ्कन प्रणाली | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | लिङ्ग | योग्यता | अनुभव वर्ष | तालिम | सरकारवाट | विद्यालयबाट मासिक | गा.वि.स बाट वार्षिक | पर्याप्त | अपर्याप्त | सामान्य | आन्तरिक वाह्य | दुवै | |
| शारदा उ.मा.वि. खराङ्ग १ | | | | | | | | | | | | | | | |
| बाणीविलास मा.वि. खराङ्ग ८ | | | | | | | | | | | | | | | |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | | | | | | | | | | | | | | | |
| अरुण नि.मा.वि. खराङ्ग ७ | | | | | | | | | | | | | | | |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | | | | | | | | | | | | | | | |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | | | | | | | | | | | | | | | |

# अनुसूची १२ : बाल बालिकाहरूको विभिन्न पक्षका शैक्षिक क्रियाकालापको अवलोकन फाराम

| वालविकास केन्द्र को नाम | शारीरिक पक्षका कार्यक्रहरू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उफ्रने | | नाच्ने | | दैडने | | पिटी | | वलखेल्ने | |
| | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने |
| शारदा उ.मा. वि. खराङ्ग १ | | | | | | | | | | |
| बाणीविलास मा.वि. खराङ्ग ८ | | | | | | | | | | |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | | | | | | | | | | |
| अरुण नि.मा.वि. खराङ्ग ७ | | | | | | | | | | |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | | | | | | | | | | |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | | | | | | | | | | |

| वालविकास केन्द्र को नाम | वैद्धकि पक्षका कार्यहरू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भन्न | | सुन्न | | क्रम मिलाउन | | जवाफ दिन | | छलफल गर्न | |
| | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने |
| शारदा उ.मा. वि. खराङ्ग १ | | | | | | | | | | |
| बाणीविलास मा.वि. खराङ्ग ८ | | | | | | | | | | |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | | | | | | | | | | |
| अरुण नि.मा.वि. खराङ्ग ७ | | | | | | | | | | |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | | | | | | | | | | |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | | | | | | | | | | |

| वालविकास केन्द्र को नाम | सामाजिक पक्षका कार्यहरू | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिभावन गर्न | | सामूहिक गीत गाउन | | मेलमिलाप सम्बन्धि कार्य गर्न | |
| | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने |
| शारदा उ.मा. वि. खराङ्ग १ | | | | | | |
| बाणीविलास मा.वि. खराङ्ग ८ | | | | | | |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | | | | | | |
| अरुण नि.मा.वि. खराङ्ग ७ | | | | | | |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | | | | | | |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | | | | | | |

| वालविकास केन्द्र को नाम | संवेगात्मक पक्षको कार्यहरू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हर्ष | | चिन्ता | | डर | | स्नेह | | उत्तेजना | |
| | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने | गरा उने | नगर ाउने |
| शारदा उ.मा. वि. खराङ्ग १ | | | | | | | | | | |
| बाणीविलास मा.वि. खराङ्ग ८ | | | | | | | | | | |
| धर्मदेवी नि.मा.वि. खराङ्ग ३ | | | | | | | | | | |
| अरुण नि.मा.वि. खराङ्ग ७ | | | | | | | | | | |
| हिमगंगा नि.मा.वि. बानेश्वर ८ | | | | | | | | | | |
| भीमसेन प्रा.वि. खराङ्ग ५ | | | | | | | | | | |